सुशासनको सुनिश्चिता सरकारको प्राथमिकता: गृहमन्त्री लेखक | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक २१८ • २०८१ साल पुस १९ गते शुक्रबार (3 January, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


## थ्रेसहोल्ड थप्नेविरुद्ध र समानुपातिक निर्वाचनका लागि मोर्चाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले मधेश केन्द्रित दलहरुको मोर्चा बन्दी गर्ने अभियान चलाइरहँदा जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी बीच एकीकरण हुने चर्चा व्यापक भएको छ।

> सीके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरीको संरक्षकत्वमा रहेको नागरिक उन्मुक्ति पार्टीबीच एकता हुने भएको छ ।

सीके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरीको संरक्षकत्वमा रहेको नागरिक उन्मुक्ति पार्टीबीच एकता हुने भएको छ।

संघीय सरकारलाई समर्थन गरेका जनमत र नागरिक उन्मुक्ति पार्टी हाल केन्द्र सरकारमा छैन। जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्वमा छ। नागरिक उन्मुक्ति पार्टीले आन्तरिक विवादको कारण प्रदेश र संघीय सरकारमा सहभागी हुने अवसर गुमाएको छ।

अध्यक्ष त्रिपाठीले मधेशी दलबीच मोर्चाबन्दीको पहल गरिरहँदा दुई पार्टीबीच एकीकरणका लागि गृहकार्य अगाडि बढेको छ।

मधेश प्रदेशमा जनमत र सुदूरपश्चिम प्रदेशतर्फ नागरिक उन्मुक्ति पार्टी 'बलिया' रहेको दाबी गर्दै दुवै दलबीच एकता भए तराई-मधेशमा बलियो पकड हुने बुझाइ छ।

मधेश प्रदेशमा नागरिक उन्मुक्ति पार्टीका एकजना समानुपातिक सभासद छन्। तर उनी सरकारमा छैन।

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जना श्रेष्ठ र संरक्षक चौधरी पतिपत्नी हुन्। तर केही महिना पूर्वसम्म दुबैबीच बोलचाल बन्द र मुद्दामामिला समेत भएको थियो। अहिले जनमत पार्टीका अध्यक्ष राउत र उनकी पत्नीबीच सम्बन्धविच्छेदको मुद्दा चलिरहेको छ।

गत चुनावदेखि नै नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीबीच एकताका लागि प्रयास हुँदै आएको छ। तर दुबै दल एकीकृत हुन सकेको छैन। त्रिपाठीको अभियानप्रति चौधरी र राउत गम्भीर नदेखिए पनि उनीहरुबीच छलफल भएको छ।

### मधेश प्रदेशमा एमाले भित्र चरम गुटबन्दी

# महासेठभन्दा श्रेष्ठ पक्षभारी, पोखरेल र पौडेलको छायाँ

**अनिल तिवारी**

वीरगञ्ज । सत्तारुढ नेकपा एमालेको मधेश प्रदेशमा गुटबन्दी चरममा छ। संघीय गुटबन्दी अनुसार नै मधेश प्रदेशमा महासचिव शंकर पोखरेल समूह भारी देखिएको छ। विष्णु पौडेल गुटलाई धक्का लागिरहेको छ।

मधेश प्रदेशमा पौडेल गुटको नेतृत्व सचिव रघुबीर महासेठले गरिरहेका छन्। पोखरेल गुटको कमाण्डर प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठ रहेका छन्।

पछिल्लो पटक पर्सा जिल्लाको सखुवा प्रसौनीमा एमालेबाट गाउँपालिका अध्यक्षमा निर्वाचित जसवंत यादवलाई पाखा लगाउन पोखरेल गुटमा रहेका सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले जसपा नेपालबाट अध्यक्षमा पराजित भएका प्रदीप जयसवाललाई भित्र्याएका छन्। प्रदीप जयसवाल युवा तथा खेलकुद मन्त्री प्रमोद जयसवालका साख्यै भाई हुन्।

स्वतन्त्र रुपमा प्रदेश सभामा निर्वाचित जयसवाल एमालेमा प्रवेश गर्दै शिक्षा तथा संस्कृति मन्त्री बनेका थिए। हाल उनी युवा तथा खेलकुद मन्त्री छन्। भ्रष्टाचारमा चुर्लुम्म डुबेका जयसवाललाई सरकारबाट हटाउन प्रदेश संसदीय दलका नेतामाथि दबाब बढिरहेको बेला भाईलाई पार्टी प्रवेश गराएर साख बचाउने प्रयास गरेका छन्।

प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई भारी माला लगाएर भाईलाई प्रवेश गराएपछि पालिका अध्यक्ष यादव बिच्किएका छन्। मन्त्री गुप्ता र जयसवालले आगामी दिनमा आफूलाई कमजोर बनाउन प्रदेश मन्त्रीले भाईलाई प्रवेश गराएको टिप्पणी गर्न थालेका छन्।



उनी पनि महासचिव पोखरेल गुटमा नै रहेका छन्। मन्त्री गुप्ता पौडेल खेमा छाडेर पोखरेल खेमा ज्वाइन गरिसकेका छन्। महासेठले पत्नी जुली महतोलाई मन्त्रीका लागि अगाडि बढाएपछि गुप्तालाई विश्वासमा लिएर श्रेष्ठले मन्त्री बनाएको बताइन्छ।

पर्सामा पौडेल पक्षधर जालिम मियाँ, बसरुद्दिनले खेमा परिवर्तन गरी पोखरेल पक्षमा खुलेका छन्। समग्रमा पर्सामा पोखरेल पक्ष बलियो देखिएको छ।

मधेश प्रदेशमा पछिल्लो पटक पोखरेलको कार्यक्रममा सक्रियता बढेको छ। हरेक जिल्लामा उनको स्वागत भव्य हुन थालेको छ ।पौडेलको सक्रियता कम भएको छ।

मधेश प्रदेशको ८ जिल्ला मध्ये ३ जिल्लामा नेतृत्वको चुनाव हुन सकेको छैन। चुनाव हुन नसकेको जिल्लाहरुमा सचिव महासेठको गृह जिल्ला धनुषा, इञ्चार्ज श्रेष्ठको गृह जिल्ला सिरहा र नेता सुमन प्याकुरेलको गृह जिल्ला सप्तरी रहेका छन्।

तीनै जिल्लामा सदस्यतामै भारी विवाद देखिएको छ। जिल्ला निर्वाचनका लागि पटक पटक तयारी भए पनि हाल सम्म चुनाव हुन सकेको छैन। जिल्लामा निर्वाचन भए नेताहरुको विपक्षमा निर्णय हुन सक्ने आँकलन गरिएको छ।

सचिवसमेत रहेका पूर्वउपप्रधान एवं भौतिक पूर्वाधार मन्त्री महासेठले धनुषाको निर्वाचन क्षेत्र नम्बर २ मा एमालेलाई बलियो बनाएका नेता उमाशंकर अरगडिया र संजीव झा 'सुरज'लाई कमजोर बनाउन हालै गरेको सभामा कटु आलोचना गरेका थिए।

क्षेत्र नम्बर २ मा कमजोर रहेका महासेठले अरगडिया र झाको समय गइसकेको अभिव्यक्ति दिएर पार्टीको विवादलाई छताछुल्ल बनाए।

प्रदेश सरकारमा महासेठ समर्थकहरु प्रवेश पाएका छैनन्। श्रेष्ठ र प्याकुरेलको तालमेल प्रभावकारी भएको छ। मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवको भूमिकाले पोखरेल समूह सशक्त बनेको बताइन्छ। युवा नेता यादवले हालै महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकामा पार्टी प्रवेश कार्यक्रममा महासचिव पोखरेललाई आमन्त्रण गरेर भव्य स्वागत गरे। सखुवा प्रसौनीमा भएको पार्टी प्रवेशको भन्दा विशाल रामगोपालपुरको कार्यक्रम रहेको थियो। यद्यपि दुवै कार्यक्रममा महासेठको उपस्थिति थिएन।

मधेश प्रदेश सभामा एमाले सबै भन्दा ठूलो दल छ। प्रदेश सरकारको नेतृत्व जनमत पार्टीका सतीश कुमार सिंहले गरे पनि प्रभाव एमालेकै देखिन्छ। एमालेले नियन्त्रण सरकारमाथि बढी रहेकाले सत्ता गठबन्धनका साझेदार नेपाली कांग्रेस असन्तुष्ट देखिन्छ।

एमालेको संगठनात्मक अवस्था कमजोर नभए पनि गुटबन्दीमा लागेका नेताहरुको कारण आगामी चुनावमा प्रतिकूल प्रभाव पर्नेमा तल्लो तहका नेताहरु चिन्तित देखिन्छन्। पोखरेल र पौडेलको छायाँ परेको एमाले मधेश प्रदेशमा ठूलो क्षति हुने देखिन्छ।

चुनाव हुन नसकेको तीन जिल्लामा पुरानै कमिटीले काम चलाइरहेको छ। चुनावको चर्चा पनि हुन छाडेको छ। नेताहरु पनि चुनाव गराउने मनस्थितिमा छैनन्।







## गत वर्ष साढे एघार लाख पर्यटक नेपाल भित्रिए

काठमाण्डु । सन् २०२४ मा साढे ११ लाख विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार गत वर्षको जनवरीदेखि डिसेम्बर महिनासम्म ११ लाख ४७ हजार पाँच सय ६७ पर्यटक नेपाल भ्रमणमा आएका हुन् ।

बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार सन् २०२३ को तुलनामा सन् २०२४ मा १४ प्रतिशतभन्दा बढी पर्यटक आगमन बढेको छ । सन् २०२३ मा १० लाख १४ हजार आठ सय ७१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

बोर्डले सन् २०२४ मा कोरोना महामारीपूर्व सन् २०१९ मा आएका पर्यटकभन्दा बढी आउने अनुमान गरेको थियो । सन् २०१९ मा ११ लाख ९७ हजार एक सय ९१ विदेशी पर्यटक नेपाल आएका थिए ।

विदेशी पर्यटक आगमनको यो आँकडाले कोभिड-१९ महामारी (कोरोना भाइरस) का कारण शिथिल भएको मुलुकको पर्यटन क्षेत्र लयमा फर्किएको छ । कोरोनाले तीन वर्ष विदेशी पर्यटक आगमन खुम्चियो । सन् २०२० देखि २०२२ सम्म पर्यटक आगमन ह्वात्तै घट्यो ।रासस

## ब्रह्माकुमारी राजयोग सेवा केन्द्रद्वारा सम्मान

टुडे समाचारदाता

राजविराज । नेपाल पत्रकार महसंघ सप्तरी शाखाको निर्वाचनमा निर्वाचित भएका सप्तरीका तीनै तहका पदाधिकारीहरुलाई सम्मान गरिएको छ ।

राजविराजमा बिहीबार ब्रह्माकुमारी राजयोग सेवा केन्द्र क्षेत्रीय कार्यालयले एक कार्यक्रमको आयोजना गरी सप्तरीबाट जिल्ला कार्य समिति प्रदेश समिति र केन्द्रीय समितिमा नवनिर्वाचित पदाधिकारीहरुलाई सम्मान गरेको छ ।



केन्द्रकी प्रमुख संचालिका भगवती दिदीको अध्यक्षता तथा प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाको प्रमुख अतिथ्यमा आयोजित समारोहमा नवनिर्वाचित पदाधिकारीहरुलाई सफल कार्यकालको शुभकामना सहित सम्मान गरेको छ । सो अवसरमा केन्द्रकी प्रमुख संचालिका भगवती दिदीले पत्रकार समाजको ऐना भएको भन्दै समाजलाई सुन्दर रुप दिन पत्रकारहरु पनि स्वच्छ, सफा र इमान्दार हुनु जरुरी रहेको बताइन् ।

सुरक्षित र मर्यादित समाज निर्माणका लागी धर्मसँगै ज्ञान उत्तिकै जरुरी रहेको भन्दै उनले नागरिकलाई सचेतना फैलाउने मामिलामा पनि कलम चलाउन संचारकर्मीहरु सित आग्रह गरिन । सो कार्यक्रममा नवनिर्वाचित पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, केन्द्रीय सदस्य ललिता सह, प्रदेश समितीका उपाध्यक्ष अम्बिका दाहाल, केन्द्रीय परिषद सदस्यद्वय मनोज कुमार माझी, सतिष दत्त सहित पुरै जिल्ला कार्य समितिका पदाधीकारीहरुलाई सम्मान गरिएको छ ।

कार्यक्रममा केन्द्रकी सहायक संचालिका बैयन्ती वहन, मिडिया प्रभारी दिनानाथ यादव, समाजसेवी एवं केन्द्रका साधक मधुसुधनलाल देव लगायतले पनि ब्रह्माकुमारी राजयोग सेवा केन्द्रको गतिविधीबारे जानकारी सहित नवनिवार्चित पदाधीकारीहरुलाई शुभकामना दिएका थिए ।

## भन्सार छलीका सामग्रीसहित गाडी प्रहरी नियन्त्रणमा

टुडे समाचारदाता

रौतहट । रौतहटमा प्रहरीले लाखौं रुपैयाँ बराबरको भन्सार छलीका खाद्यान्न सामग्रीसहित एक पिकअप गाडी नियन्त्रणमा लिएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको गस्ती टोलीले सीमावर्ती क्षेत्रबाट अवैध रूपमा भित्र्याइएका सामानसहित गाडीलाई गौरस्थित बसपार्क नजिक चेकजाँचको क्रममा बुधबार नियन्त्रणमा लिएको छ ।



रौतहट प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक दीपक कुमार रायले दिएको जानकारी अनुसार प्रदेश २-००१ च ४००० नम्बरको पिकअप गाडीमा २ लाख ७१ हजार ९०० रुपैयाँ बराबरका चीनी, मैदा, धनियाँ, रिफाइन्ड तेल, सेवई, र सुपारी लोड गरिएको थियो । गाडी सीमावर्ती बजार बैरगनियाबाट भन्सार छली गरी नेपाल भित्र् याइएको थियो ।

गस्ती टोलीले गाडीलाई शंकास्पद ठानेर चेकजाँच गर्दा भन्सार छली गरिएका सामान फेला पारेको थियो ।

सो गाडीका चालक गौर नगरपालिका वडा नम्बर ८ निवासी दिनेश राउत बरैलाई समेत नियन्त्रणमा लिइएको छ । प्रहरीले गाडी र सामानको मूल्याङ्कन गर्दा त्यसको कुल मूल्य ९ लाख ७१ हजार ९०० रुपैयाँ रहेको पाइएको छ ।

पक्राउ परेका चालक र बरामद गाडीसहितको सामानलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको छ । प्रहरीले सीमा क्षेत्रमा हुने अवैध व्यापार र भन्सार छलीका गतिविधिहरू रोक्नका लागि निगरानी बढाएको जनाएको छ ।

प्रहरीले सीमावर्ती क्षेत्रमा हुने यस्ता गैरकानुनी गतिविधिहरूले देशको राजस्वमा नकारात्मक प्रभाव पर्ने भएकाले सर्वसाधारणलाई पनि यसबारे सचेत रहन आग्रह गरेको छ । यसका साथै भन्सार छलीका घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन प्रहरीको गस्ती र निगरानीलाई अझै प्रभावकारी बनाइने बताइएको छ ।

यस घटनाले सीमावर्ती क्षेत्रबाट हुने अवैध व्यापार र भन्सार छलीका गतिविधिहरूको विषयमा थप सतर्कता अपनाउनु पर्ने आवश्यकता औंल्याएको छ । प्रहरीले यस किसिमका गतिविधिमा संलग्न जो कोहीलाई कानुनी कठघरामा ल्याउने प्रतिवद्धता व्यक्त गरे ।

## सन् २०२४ : विमान दुर्घटनाको दु:खद् वर्ष

काठमाण्डु । अङ्ग्रेजी वर्ष सन् २०२४ अन्तर र्ष्ट्रिय रुपमा नागरिक उड्डयनको हिसाबले निकै दुःखद वर्षको रुपमा दर्ज भयो । ठूला-ठूला विमान दुर्घटना भए । ती दुर्घटनामा धेरै मानवीय क्षति बेहोर्नुपर्यो । सन् २०२४ समाप्ति हुनुभन्दा दुई दिनअघि अर्थात् डिसेम्बर २९ तारिखका दिन दक्षिण कोरियाको मुआनमा एक सय ८१ यात्रु बोकेको विमान दुर्घटनाग्रस्त हुँदा एक सय ७९ जनाले ज्यान गुमाए । दुईजनालाई सुरक्षाकर्मीले भग्नावशेषबाट जीवितै उद्धार गरेका थिए ।

बैंककबाट फर्कँदै गरेको उक्त विमानमा चालक दलका ६ सदस्यसहित एकसय ८१ जना सवार थिए । सियोलबाट करिब दुई सय ८८ किलोमिटर दक्षिणपश्चिममा रहेको दक्षिण जियोला प्रान्तको मुआन काउन्टीस्थित मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा जेजु एयरको विमान अवतरणका क्रममा धावनमार्गबाट चिप्लिएर सिमेन्टको पर्खालमा ठोक्किँदा दुर्घटना भएको हो ।

यसअघि डिसेम्बर २५ मा अजरबैजान एयरलाइन्सको एम्ब्रेयर इआरजे १९० एआर विमान कजाकिस्तानको अक्ताउ विमानस्थल नजिकै दुर्घटनाग्रस्त भएको थियो । सो दुर्घटनामा ३८ जनाको मृत्यु भएको थियो । वर्षको उत्तरार्धमा भएका दुई ठूला विमान दुर्घटनामा दुई सय १७ जनाले ज्यान गुमाए ।

विमान दुर्घटनामा सन् २०२४ मा इरानी राष्ट्रपति इब्राहिम रइसी र अफ्रिकी देश मालीका उपराष्ट्रपति साउलोस क्लाउस चिलिम जस्ता विशिष्ठ व्यक्तिको मृत्यु भयो । मे २० तारिख (जेठ ७ गते) इरानी राष्ट्रपतिको हेलिकप्टर दुर्घटनामा मृत्यु भएको थियो । यस्तै जुन ११ (जेठ २९ गते) मालीका उपराष्ट्रपति चिलिमिको सैन्य विमान दुर्घटनामा मृत्यु भएको थियो ।

नयाँवर्ष २०२५ को सुरुआत हुँदैगर्दा सन् २०२४ एयरलाइन्सका लागि दुःखद् साबित भयो । यस वर्षभित्र ठूला ठूलासहित धेरै संख्यामा विमानहरु दुर्घटनामा परेका थिए । डिसेम्बर महिनामा मात्रै ६ वटा ठूला विमान दुर्घटना भएका छन् । ती दुर्घटनामा दुई सय ३४ जनाको मृत्यु भएको छ । लगातारको विमान दुर्घटनाले हवाई क्षेत्रमा सुरक्षा प्रोटोकल र प्राविधिक समस्यामाथि प्रश्न उठ्न थालेको छ ।

यस्तै गत डिसेम्बर २२ मा दक्षिणी ब्राजिलको ग्रामाडो सहरमा निजी विमान दुर्घटना हुँदा एकै परिवारका १० जनाको मृत्यु भएको थियो । उक्त विमानमा सवार ब्राजिलका व्यापारी लुइज क्लाउडियो गालेज्जीको श्रीमती, तीन छोरी र अन्य आफन्तसहितको दुर्घटनामा मृत्यु भएको हो । डिसेम्बर २४ मा एयर क्यानाडाको विमान अवतरण गर्ने क्रममा चिप्लिएर दुर्घटनामा परेको थियो । उक्त विमानमा आगो लागेको थियो ।यसैगरी गत डिसेम्बर २२ मा पपुवा न्यू गिनीमा विमान दुर्घटनाग्रस्त हुदाँ विमानमा सबार सबै पाँच जनाको मुत्यु भएको थियो । उत्तरी तटीय उड्डयनद्वारा सञ्चालित एक आइल्याण्डर २२ डिसेम्बरमा पपुवा न्यू गिनीमा दुर्घटनाग्रस्त भएको थियो ।

अर्जेन्टिनामा बम्बार्डियर च्यालेन्जर ३०० अर्जेन्टिनाको सान फर्नान्डो एयरपोर्ट नजिक दुर्घटनाग्रस्त हुँदा दुवै पाइलटको मृत्यु भएको थियो । अमेरिकन विमान कामाका एयर एलएलसीद्वारा सञ्चालित कामाका एयर होनोलुलुको ड्यानियलअन्तर्राष्ट्रिय विमानस्थल नजिकै दुर्घटनाग्रस्त हुँदा दुवै पाइलटको मृत्यु भएको हो । अगष्त नौ मा ब्राजिलको भिनहेडोको भिनहेडोमा विमान दुर्घटनाग्रस्त हुदा विमानमा सवार सबै ६२ जनाको मृत्यु भएको थियो ।



सन् २०२४ मा नेपाल पनि विमान दुर्घटनाबाट टाढा रहन सकेन । जुलाई २४ तारिख (साउन ९ गते) गते सौर्य एयरलाइन्सको विमान दुर्घटनाग्रस्त हुदाँ १८ जनाको मृत्यु भएको थियो । यस्तै अगष्त ७ (साउन २३ गते) काठमाडौंको शिवपुरी क्षेत्रमा एयर डाइनेस्टी हेलिकप्टर दुर्घटना हुदा पाँच जनाको मृत्यु भएको थियो । सन् २०२३ मा यती एयरलाइन्सको एटीआर-७२ विमान दुर्घटनाग्रस्त हुँदा विमानमा सवार ७२ जनाकै निधन भएको थियो । यो दुर्घटना आन्तरिक उडानमा हालसम्मकै ठूलो हो ।

> बुद्ध एयरका अप्रेसनल डाइरेक्टर क्याप्टेन आरके शर्मा समग्रमा वर्ष २०२४ विश्वव्यापीरुपमा हवाई दुर्घटनाका हिसावले दु:खद् रहे पनि नेपालमा भने केही सुधार भएको बताउनुहुन्छ ।

बुद्ध एयरका अप्रेसनल डाइरेक्टर क्याप्टेन आरके शर्मा समग्रमा वर्ष २०२४ विश्वव्यापीरुपमा हवाई दुर्घटनाका हिसावले दुःखद् रहे पनि नेपालमा भने केही सुधार भएको बताउनुहुन्छ । "नेपालका लागि वर्ष २०२४ सुखद नै मान्नुपर्छ । तर, विश्वव्यापी रुपमा हेर्दा वर्षको समाप्ती हुनैलाग्दा निरन्तर ठूला घटना हुनुले समग्र वर्षलाई हवाई दुर्घटनाका हिसावले दुखःद् मानिन्छ", उहाँले भन्नुभयो । नेपालको हकमा हवाई सुरक्षा अभिवृद्धि भएको मान्न सकिने उहाँको धारणा छ । यद्यपि, सौर्य एयर र एयरडाइनेस्टी हेलिकप्टर दुर्घटनाले पुनः एकपटक झस्काएको छ ।

यसबाट एभिएसन सेफ्टी र सेक्युरिटीका साथै व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नेतर्फ एयरलाइन्सहरुको ध्यान जान जरुरी रहेको क्याप्टेन शर्माको भनाइ छ ।

सन् २०२४ मा विश्वव्यापी रुपमा हवाई यात्रुको संख्या सकारात्मक बढोत्तरी भइरहेको छ । निरन्तर बढेको हवाई यात्रु चापले यस क्षेत्रको आकर्षणसँगै सेफ्टी र सेक्युरिटीलाई मजबुद बनाउनुपर्ने दबाव बढेको छ । हवाई क्षेत्रका जानकार अच्युत पहाडी पनि समगमा सन् २०२४ एभिएसनका हिसाबले दुःखद् वर्ष साबित भएको बताउनुहुन्छ ।

"विश्वव्यापीरुपमा ठूला ठूला हवाई दुर्घटना भए । नेपालमा पनि सौर्य एयरलाइन्स र एयर डाइनेस्टी हेलिकप्टर दुर्घटना भए । यसरी हेर्दा एभिएसनलाई सन् २०२४ फापेन । दुर्घटना मात्रै हैन मानवीय क्षति पनि धेरै भएको छ । यसले हवाई सुरक्षामाथि प्रश्न खडा गरेको छ", उहाँले भन्नुभयो ।

सन् २०२४ को अन्तिम महिनाका केही हवाई दुर्घटनाले हवाई क्षेत्रमा संशय पैदा गरेको नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जिव गौतमले बताउनुभयो । समग्रमा सन् २०२४ लाई बिदाई गर्दैगर्दा एभिएसनले नराम्रो क्षति बेहोर्न पुगेको उहाँले उल्लेख गर्नुभयो ।

"एभिएसनमा नेपालको सन्दर्भमा राम्रो रहेपनि विश्वव्यापी रुपमा हेर्दा दुःखद् वर्षको रुपमा रह्यो", पूर्वमहानिर्देशक गौतमले भन्नुभयो, "दुर्घटनाबाट पाठ सिकेर हवाई सुरक्षालाई कसरी बलियो बनाउनेभन्नेतर्फ राज्य र सरोकारवाला निकायले ध्यान दिनुपर्छ ।"

अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)ले सन् २०३० सम्म मानवजन्य मृत्यु हुने दुर्घटना शून्यमा झार्ने लक्ष्य लिएको छ । अहिले वार्षिक १० प्रतिशत हवाई यात्रु बृद्धि भइरहेको छ । अन्तर्राष्ट्रिय हवाई यातायात सङ्घको तथ्याङ्कलाई उधृत गर्दै पूर्वमहानिर्देशक गौतमले विश्वव्यापी रुपमा हवाई यात्रुको संख्या झण्डै पाँच अर्ब पुगेको बताउनुभयो । सन् २०१९ मा चार अर्ब ५० करोड हवाई यात्रु पुगेका थिए ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले हवाई यात्रु बढेका हिसावले सकारात्मक लिन सकिए पनि सन् २०२४ मा भएका केही हवाई दुर्घटनाले एभिएसन क्षेत्रलाई खिन्न बनाएको बताउनुभयो । "नेपालको सन्दर्भमा सन् २०२३ को तुलनामा सन् २०२४ दुर्घटनाको संख्याको हिसावले सुधारात्मक रहे पनि विश्वव्यापी रुपमा हेर्दा वर्षको अन्तिम महिनामा धेरै संख्यामा भएका विमान दुर्घटनाले एभिएसन क्षेत्रलाई झस्काएको छ", उहाँले भन्नुभयो ।

उडान सुरक्षा र यात्रु बढोत्तरीका हिसाबले सुधार हुँदै गएको सूचना अधिकारी भूलको भनाइ छ । नेपालमा पनि हवाई यात्रुको संख्या निरन्तर बढिरहेको छ । प्राधिकरणको तथ्याङ्कअनुसार सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा आन्तरिकतर्फ १३ प्रतिशत र अन्तराष्ट्रिय हवाई यात्रुको संख्या ७ दशमलव ९ प्रतिशतले बृद्धि भएको छ । आन्तरिक उडानतर्फ सन् २०२४ को नोभेम्बरसम्म कुल ८७ लाख ६० हजार तीन सय दुई हवाई यात्रुले यात्रा गरेका छन् । सन् २०२३ को नोभेम्बरसम्म कुल ७७ लाख हवाई यात्रुले यात्रा गरेका थिए । त्यसैगरी सन् २०२४ को नोभेम्बरसम्म अन्तर्राष्ट्रिय हवाई यात्रुको संख्या ४४ लाख ४९ हजार एक सय ३३ पुगेको थियो ।

प्राधिकरणका अनुसार नेपालमा हालसम्म एक सय आठ हवाई दुर्घटनामा नौ सय ५९ जनाको मृत्यु भएको छ । विसं २०१२ वैशाखमा पहिलो पटक सिमरामा भारतको कलिङ्गा एयर दुर्घटना भएको थियो । वर्षको अन्त्यतिर दक्षिण कोरिया र कजाकिस्तानमा भएका दुई ठूला विमान दुर्घटनाले समग्रमा हवाई उड्डयनको क्षेत्रलाई निरास बनाएको छ । यो घटनाले विश्वव्यापी रुपमै हवाई उडान कति सुरक्षित छ भन्ने प्रश्न तेर्सिएको छ । यसरी सन् २०२४ मा ठूला विमान दुर्घटनामा चार सयभन्दा बढीको मृत्यु भएको बताइएको छ । अधिकांश दुर्घटना खराब मौसम र मानवीय कमजोरीले हुने गरेको विज्ञहरु बताउँछन् ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : बौद्धिक क्षेत्रमा मान र सम्मान मिल्नेछ।
वृष : धार्मिक कार्यमा सहभागी हुने योग छ।
मिथुन : शरीरमा गर्मीका कारण लाग्ने रोगले सताउने छ।
कर्कट : प्राविधिक शिक्षाको लगानीबाट राम्रो फाइदा हुने दिन
सिंह : गला र कलाको प्रदर्शन गर्ने दिन छ।
कन्या : धार्मिक कार्यको माध्यमबाट राम्रो आम्दानी हुनेछ।
तुला : लामो समयदेखि रोकिएका काम सञ्चालन हुनेछन्।
वृश्चिक : बोल्दा सोचेर बोल्नुपर्ने दिन छ।
धनु : सामाजिक कार्यमा थालेको काम सफल बन्नेछ।
मकर : पूर्वको लामो यात्रामा नजानु राम्रो हुनेछ।
कुम्भ : सानो कुराले मनमा खटपटी बढ्नेछ।
मीन : धर्म र संस्कार बुझ्ने मौका मिल्नेछ।
राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको बरहथवा नगरपालिका-९ मुर्तियास्थित ऐतिहासिक मुक्तेश्वर महादेवको मन्दिर। पुरातत्व विभागले पुनर्निर्माण गरेको यो मन्दिर परिसरमा धेरै पुराना कलाकृति, इँटा, ढुङ्गालगायतका भग्नावशेषहरु रहेको छ। यो मन्दिर ११ औँ शताब्दीमा निर्माण भई १३ औँ शताब्दीमा भत्किएको पुरातत्व विभागको अध्ययनबाट देखिएको छ। *तस्बिर : रासस*

# उच्च शिक्षामा महिलाको पहुँच बढाउन छोरीलाई छात्रवृत्ति




महोत्तरी । मधेश प्रदेश सरकारले उच्च शिक्षामा महिलाको पहुँच बढाउन छात्रवृत्ति योजना अघि बढाएको छ । प्रदेशका अति विपन्न तथा सीमान्तकृत समुदायका छोरीलाई उच्च शिक्षामा जोड्न प्रदेश सरकारले छात्रवृत्ति योजना अघि बढाएको हो ।

यो छात्रवृत्तिमा मधेशका दलित, मुस्लिम, विपन्न र जेहेन्दार छात्राले अवसर पाउने मधेश प्रदेशको शिक्षा निर्देशनालयले जनाएको छ ।

प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सीमान्तकृत तथा विपन्न परिवारका छोरी र जेहेन्दार छात्रालाई उच्च शिक्षामा सहुलियत पुऱ्याउन छोरी छात्रवृत्ति योजना बढाइएको बताउनुभएको छ । मन्त्रिपरिषद्बाट निर्णय भई अघि बढेको यससम्बन्धी प्रक्रिया अब प्रदेश शिक्षा निर्देशनालयले अघि बढाउने उहाँले स्पष्ट पार्नुभयो ।

यो अवसर प्रदेशका आठवटै जिल्लाका चार समूहमा विभाजन गरिएका छात्राले पाउनेछन् । यी चार समूहमा दलित, मुस्लिम, विपन्न र जेहेन्दार छात्रा पर्नेछन् । यो छात्रवृतिका लागि पर्याप्त आवेदन प्राप्त भएका र अब तिनको छनौट चरण सुरु भएको प्रदेश शिक्षा निर्देशनालयका निमित्त प्रमुख ठूलोबाबु दाहालले जानकारी दिनुभयो । निर्देशनालयले गत मङ्सिरमै यससम्बन्धी सूचना गरेर आवेदन आह्वान गरेको थियो । छात्रवृत्तिका लागि एक हजार ७१ आवेदन प्राप्त भएका निर्देशनालयले जनाएको छ ।

"तोकिएका चारै समूहमा आवेदन परेका छन्, मुख्यमन्त्रीज्यूको निर्देशानुसार अब प्रदेशका आठवटै जिल्लाले बराबरीजस्तो पाउनेगरी अन्तिम छनौटको काम गरिँदैछ," निर्देशनालयका निमित्त प्रमुख दाहाल भन्नुहुन्छ, "जिल्लागत रूपमा लाभग्राही छुट्याइँदा जनसङ्ख्याको अनुपात र मापदण्डले प्राथमिकतामा पर्ने छात्राबारे विचार पुऱ्याइने छ ।" उच्चशिक्षा पढ्न यसपालि प्रदेशका तोकिएका चार समूहभित्रका ६ सय छात्राले यो अवसर प्राप्त गर्ने उहाँले स्पष्ट पार्नुभयो ।

**प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सीमान्तकृत तथा विपन्न परिवारका छोरी र जेहेन्दार छात्रालाई उच्च शिक्षामा सहुलियत पुऱ्याउन छोरी छात्रवृत्ति योजना बढाइएको बताउनुभएको छ ।**

यो छात्रवृत्तिमा साधारण र प्राविधिक धारतर्फ गरी शैक्षिक शुल्कबापतको रु २५ हजार र रु ३५ हजार दिने व्यवस्था गरिएको छ ।

प्राविधिक धारतर्फ रु ३५ हजार र साधारण (मानविकी, वाणिज्य, शिक्षासहितका सङ्काय) का लागि रु २५ हजार वार्षिक दिइनेछ । यो रकम छनौट भइसकेपछि सम्बद्ध छात्राकै बैङ्क खातामा जम्मा गरिने प्रमुख दाहालले बताउनुभयो ।

मधेश प्रदेशमा जन्मिएर यस प्रदेशकै स्थायी ठेगाना भएका समूह विभाजनभित्रका छात्रा छात्रवृत्तिमा छानिने स्पष्ट मापदण्ड छ ।

यद्यपि पठनपाठन भने मुलुकभित्रका कुनै पनि जिल्लाका सामुदायिक सार्वजनिक शिक्षण संस्थामा गरेका हुनसक्ने व्यवस्था रहेको छ ।

प्रदेश सरकारले यस शीर्षकमा चालु आर्थिक वर्षमा रु एक करोड ५० लाख विनियोजन गरेको छ । यस कार्यक्रमबाट आर्थिक अभावकै कारण पढ्न नसक्ने अवस्था अन्त्य हुने प्रदेश सरकारमा शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीको विश्वास छ ।रासस

# आन्तरिक पर्यटकको रोजाइमा सिमसार क्षेत्र

सिरहा । लहानदेखि उत्तरतर्फ पर्ने चुरेक्षेत्र आसपासका सिमसार क्षेत्र वनभोज र घुम्नका लागि उपयुक्त गन्तव्य बन्न थालेका छन् ।

लहानबाट सात किलोमिटर उत्तरतर्फ चुरे फेदीमा अवस्थित 'हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्र'मा जाडोयाममा वनभोज खान आउनेको भीड लाग्न थालेको छ। तीन वर्षअघि 'कोइरालो खोला नमूना सामुदायिक वन'भित्रको सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी 'इको टुरिजम' विकास गरिएपछि यहाँ घुम्ने र वनभोज खानेको भीड लाग्न थालेको हो ।



करिब पाँच हेक्टरमा फैलिएको यहाँ बाह्रै महिना पानी नसुक्ने चारवटा पोखरी, वनभोजस्थल र आकर्षक उद्यान छन् । लहान नगरपालिका–१५ स्थित हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्र संरक्षण समितिका अध्यक्ष रुद्रनारायण चौधरीले भन्नुभयो, "यहाँ वनभोज खान सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी तथा छिमेकी राष्ट्र भारतबाट समेत सर्वसाधारण आउने गर्दछन् ।" उहाँका अनुसार हाल सार्वजनिक बिदा बाहेकका दिनमा करिब पाँच समूह वनभोजका लागि यहाँ आउने गरेका छन् । सार्वजनिक बिदाका दिन बीस वटासम्म समूह आउने गर्दछन् ।

लहान–१२ र २२ मा अवस्थित प्रसिद्ध धार्मिकस्थल सलहेश फूलबारी, लहान–२४ मा अवस्थित मानिकदह, लहान–१५स्थित गोसाइडाँडा ताल, लहान–१७ स्थित देवीदहलगायतका स्थानमा वनभोजका लागि आउनेको भीड लाग्ने गरेको छ। लहान नगरपालिका-१५ बानोगाउँस्थित 'भोवाइ खोल्सी चुरियाडाँडा सामुदायिक वन' भित्रको सिमसार क्षेत्रलाई संरक्षण गरी 'गोसाईंडाँडा ताल' निर्माण गरिएपछि वनभोज खान र घुम्न आउनेको संख्यामा वृद्धि भएको चुरियाडाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीले जानकारी दिनुभयो ।

उत्तरी लहानकै 'देवीदह सिमसार तथा पर्यटकीय क्षेत्र' मा पनि पर्यटकको संख्या बढेको छ। चुरे क्षेत्रका सिमसार क्षेत्रको संरक्षणमा स्थानीय सरकारले चासो देखाउन थालेका छन् । लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले भन्नुभयो, "यहाँका पर्यटकीय क्षेत्रको भौतिक विकासमा हामीले उच्च प्राथमिकता दिएका छौं ।"

अङ्ग्रेजी नयाँ वर्षको अवसरमा बुधबार यसक्षेत्रमा घुम्न र वनभोज खान आउनेको भीड लागेको थियो । विभिन्न देवीदेवताका मन्दिर, वनस्पति, जीवजन्तु र पशुपक्षीको बासस्थानसमेत रहेको यहाँका सिमसार क्षेत्र वनभोज, अध्ययन, अनुसन्धान र अवलोकनका लागि उपयोगी छन् ।रासस

# बाह्र निर्माण कम्पनी कालोसूचीमा




काठमाण्डु । सरकारले १२ वटा निर्माण कम्पनी र आपूर्तिकर्तालाई कालोसूचीमा राखेको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले विहिबार एक सूचना निकालेर सार्वजनिक निकायबाट लेखिआए बमोजिम कार्यालयको बुधबारको निर्णयअनुसार जारी ती कम्पनी र आपूर्तिकर्तालाई कालोसूचीमा राखिएको जनाएको छ । सूचनामा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१) अनुसार १२ कम्पनीहरूलाई कालोसूचीमा राखिएको उल्लेख गरिएको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा परेका निर्माण व्यवसायी र आपूर्तिकर्ताले एकदेखि तीन वर्षसम्म कुनै पनि खरिद प्रक्रियामा सहभागी हुन नपाउने सूचनामा उल्लेख गरेको छ । कार्यालयले केही कम्पनी तथा आपूर्तिकर्तालाई तीन वर्ष, केहीलाई एक वर्ष तथा केहीलाई छ महिनाका निम्ति कालोसूचीमा राखेको जनाइएको छ।

पाँचथरको फिदिमस्थित यातायात पूर्वाधार निर्देशनालय, नेपाल टेलिकम केन्द्रीय कार्यालय, रुकुम पश्चिमको चौरजहारीस्थित सडक विभाग, सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, नेपाल वन निगम लिमिटेडलगायत १२ सार्वजनिक निकायले उक्त कार्यालयलाई कालोसूचीमा राख्न पत्राचार गरेका सूचनामा जनाइएको छ ।रासस

# जसको बुढ्यौलीमा फर्कियो आँखाको ज्योति

वीरगञ्ज । पर्साको पर्सागढी नगरपालिका-४ की ५९ वर्षीया राधिका देवीले आर्थिक अवस्था कमजोर भएकाले एक दशकदेखि मोतियाविन्दुको शल्यक्रिया गर्न सकिरहनुभएको थिएन । बिहान-साँझ छाक टार्न धौधौ भएकाले सुविधासम्पन्न अस्पतालमा गएर आँखाको उपचार गर्ने सपना साकार हुन सकिरहेको थिएन ।

''पैसाकै अभावको कारण वर्षौदेखि आँखाको शल्यक्रिया गर्न सकिरहेकी थिइन्,'' उहाँले भन्नुभयो,'' आफ्नै घरदैलोमा पैसा नतिरिकनै आँखाको शल्यक्रिया गर्न पाउँदा त खुसीको कुनै सीमा छैन ।'' आँखाको शल्यक्रिया गर्नुअघिसम्म नाति-नातिनाको सहारा लिएर हिँड्नुपर्ने अवस्था पुगेको स्मरण गर्नुभयो ।''आँखा शल्यक्रिया गर्नु अघिसम्म त घरका सानातिना काम गर्न पनि धेरै गाहे हुने गर्थ्यो,'' उहाँले भन्नुभयो,''घर वरिपरि आउँजाउ गर्न पनि कसैको सहारा लिनुपर्ने हुन्थ्यो । अब त कसैको सहाराबिनै ठमठमती हिँड्नसक्ने भएकी छु ।''

उहाँ मात्रै होइन् पर्सागढी नगरपालिका-७ टिकुलियाका ६२ वर्षीया रामचन्दर साहलाई पनि मोतियाविन्दुको शल्यक्रिया गर्नका लागि उहाँका ज्वाइँ नारायण साह तेलीले पुसको १३ गते पर्सागढी नगरपालिका-४ बर्वाछिटैलीस्थित नेपाल राष्ट्रिय आधारभूत माध्यामिक विद्यालयमा आयोजित बृहत आँखा शिविरमा ल्याउनुभएको थियो । ''बुढ् यौली लागेसँगै आँखाले नजिकको वस्तु पनि छुट्याउनै नसक्ने भइसकेको थिएँ,'' मितियाविन्दुको शल्यक्रिया गर्नुभएका रामचन्दरले भन्नुभयो ''आफ्नै पालिकामा भएको शिविरबाट मोतियाविन्दुको शल्यक्रिया गरेर फेरि आँखाको ज्योति फर्किदा खुसी लागेको छ ।''

शिविरमा पर्सागढीका मात्रै होइन, बहुदरमाई, सखुवाप्रसौनी, जिराभवानी, पकाहामैनपुर र जीतपुर सिमरा उपमहानगरपालिकासहित सीमावर्ती भारतीय नागरिकसहित पाँच सय ६५ जनाको मोतियाविन्दुको शल्यक्रिया गरिएको थियो । भारतको विहार राज्य अन्तर्गतको पूर्वी चम्पारणको सदरमुकाम मोतिहारीका हवास देवानले पनि सोही शिविरमा आफ्नो मोतियाविन्दुको शल्यक्रिया गराउनुभएको छ।

''लामो समयदेखि आँखा हेर्न नपाउँदा जिन्दगी नै अँध्यारो भएको थियो । नेपालमा आँखाको उपचार राम्रो हुन्छ, भनेर आएको हुँ,'' उहाँले भन्नुभयो '' शल्यक्रिया गरेसँगै अहिले छर्लङ्गै देख्ने भएको छु ।'' भारतीय नागरिक देवानले भारतका विहार राज्यमा भन्दा नेपालमा आँखाको उपचार सस्तो र प्रभावकारी हुने भएकाले आउने गरेको बताउनुभयो । '' भारतीय नागरिक भए पनि मोतियाविन्दुको शल्यक्रिया गर्न कुनै पनि अप्ठेरो भएन् '' उहाँले भन्नुभयो ।स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साहले ४० वर्षे उमेर पार गरेसँगै मोतियाविन्दुको समस्या देखिँदै आइरहेको बताउनुहुन्छ,'' पहाडी जिल्लाको तुलनामा तराई-मधेशमा जनसंख्या र औद्योगिक करखानाले प्रदूषण गरेकाले पनि आँखा सम्बन्धित समस्या धेरै देखिने गरेको छ,'' उहाँले भन्नुभयो । गत पुस ११ देखि १३ गतेसम्म भएको आँखा शिविरमा तिलगङ्गा आँखा प्रतिष्ठानका चिकित्सक डा सागर रुइत, डा दीक्षा विष्ट नेतृत्वको स्वास्थकर्मीको टोलीले आँखाको उपचार गरेको थियो। प्रतिष्ठानका बाह्य कार्यक्रम निर्देशक निम्खेल लामाले प्रतिष्ठानको प्राविधिक सहयोगमा मोतियाविन्दुका बिरामीको शल्यक्रिया गरेको जानकारी दिनुभयो । ''पहाडी जिल्लामा भन्दा तराई-मधेशका जनतामा मोतियाविन्दुको समस्या धेरै देखिने गर्छ,'' उहाँले भन्नुभयो,''आँखाको हेरचाह र सुरक्षामा विशेष ध्यान दिन जरुरी भइसकेको छ ।''



**भारतीय नागरिक देवानले भारतका विहार राज्यमा भन्दा नेपालमा आँखाको उपचार सस्तो र प्रभावकारी हुने भएकाले आउने गरेको बताउनुभयो ।**

प्रतिष्ठानले मुलुकका विभिन्न स्थानमा मोतियाविन्दुको शिविरमार्फत शल्यक्रिया सञ्चालन गर्दै आइरहेको जानकारी दिनुभयो । मोतीविन्दुको शल्यक्रिया दुई पद्दतिबाट गर्ने गरिन्छ ।

मेसिनबाट (फेको) र म्यानुअफ स्मल इन्सिसन क्याटऱ्याक्ट सर्जरी( एमएसआईसीएस) बाट गरिन्छ । मोतियाविन्दुको फेकोप्राविधिमार्फत शल्यक्रिया गर्दा कम्तीमा पनि रु १८ हजार खर्च लाग्ने गर्छ भने 'एमएसआइसीएस' प्रविधिमार्फत गर्दा कम्तीमा रु १० हजार खर्च लाग्ने गर्छ। शल्यक्रिया पछि बिरामीलाई औषधि र चश्मा पनि निःशुल्क वितरण गरिएको थियो।

पर्सागढी नगरपालिका प्रमुख गोकर्ण पाठकले नगरपालिकाले मोतियाविन्दुको शल्यक्रिया गर्ने बिरामीको लागि आवास, खाना र यातायातको प्रबन्ध मिलाएर शिविर सञ्चालन गरेको बताउनुभयो। ''मोतियाविन्दुका बिरामीलाई आफ्नो घरदैलोमा नै शिविर गरेर आँखाको उपचार गराउन सक्यौं,'' उहाँले भन्नुभयो,'' तिलगङ्गा आँखा प्रतिष्ठानले प्राविधिक र सिङ्गापुरको सिंइग होप संस्थाको सहकार्यमा मात्रै सम्भव भएको हो ।'' उहाँले पर्साका विभिन्न ११ ठाउँमा आँखा जाँच शिविर गर्दा सात सयभन्दा धेरै मोतियाविन्दुका बिरामी भेट्टिए पनि बिरामीमा उच्च रक्तचाप र मधुमेह देखिएकाले केही शल्यक्रिया गर्न प्राविधिक रुपमा नमिलेको जानकारी दिनुभयो।

**आखाको बिरामीको हब बन्दै वीरगञ्ज**

नेपालमा सस्तो र गुणस्तरीय आँखाको उपचार हुन थालेसँगै भारतको विहार, उत्तर प्रदेशलगायतका राज्यका बिरामीको उपचार गर्ने थलोको रुपमा पनि वीरगञ्जसहितका आसपासको क्षेत्र भएको छ । तिलगङ्गा आँखा प्रतिष्ठानले सस्तो र गुणस्तरीय लेन्स उत्पादन गरेर बजारीकरण गरेसँगै भारतीय आँखाका बिरामी पनि वीरगञ्जमा उपचार गराउन आउने संख्या दिन प्रतिदिन बढिरहेको छ।

वीरगञ्ज सामुदायिक आँखा केन्द्रका नेत्र अधिकृत महेशसिंह धामीले वीरगञ्जमा ६० प्रतिशत भारतीय नागरिक र ४० प्रतिशत स्वदेशी आँखाका बिरामी उपचार गर्न आउने बताउनुहुन्छ । ''आँखाका बिरामीले गर्मीमा भन्दा पनि जाडो मौसममा शल्यक्रिया गर्न रुचाउँछन्। गर्मी मौसममा पसिनाको कारणले घाउको सङ्क्रमण बढ्नसक्ने जोखिमको कारणले शल्यक्रिया गर्न रुचाउँदैनन्,'' उहाँले भन्नुभयो,''जाडोको मौसम आँखा वा मोतियाविन्दुको शल्यक्रिया गर्नका लागि उपयुक्त मौसम मान्ने गरिन्छ ।''

स्वास्थ्य कार्यालय पर्साका प्रमुख साह भारतभन्दा नेपालमा आँखाको उपचार धेरै गुणा सस्तो र उपचार पद्दति गुणस्तरीय भएकाले नेपालमा आउने गरेको बताउनुहुन्छ।

पर्सामा डेढ दर्जनभन्दा धेरै आँखा अस्पताल रहेका छन् । वीरगञ्जमा धेरै आँखाका बिरामीको उपचार गर्ने अस्पतालमा केडिया आँखा अस्पताल, दृष्टि, किरण आँखा अस्पताल, वीरगञ्ज सामुदायिक आँखा केन्द्रलगायतका रहेका छन् । वीरगञ्जमा मात्रै वार्षिक डेढदेखि दुई लाख भारतीय बिरामी उपचार गराउन आउने गरेका छन् ।रासस

# बाल उद्घोषण तथा क्षमता विकास पुस्तक सार्वजनिक

काठमाण्डु । प्रशिक्षक तथा लेखक शङ्करकुमार प्रधानद्वारा लिखित 'बाल उदघोषण तथा क्षमता विकास' पुस्तकको विहिबार विमोचन गरिएको छ । संस्कार पब्लिकेसनबाट प्रकाशित उक्त पुस्तक वरिष्ठ बाल साहित्यकार डा छायादत्त न्यौपाने, साहित्यकारद्वय महेश पौडेल र देवराज सिम्खडा, लेखककी आमा सन्तकुमारी श्रेष्ठ र छोरी सवानी प्रधानले संयुक्तरुपमा विमोचन गर्नुभएको हो ।

कार्यक्रममा डा न्यौपानेले पुस्तकले बालबालिकालाई बोल्न र कार्यक्रम सञ्चालन गर्न मात्र सक्षम नबनाइ सर्वाङ्गिण विकासमा समेत टेवा पुऱ्याउने हुँदा निकै पठनीय, मननीय र सङ्ग्रहणीय रहेको धारणा व्यक्त गर्नुभयो ।

बाल साहित्यकार महेश पौडलले उक्त पुस्तक बालबालिकाको लागि मात्र नभइ अभिभावक, शिक्षक वर्गसहित सबैको लागि उपयोगी रहेको धारणा राख्नुभयो ।

पुस्तकका लेखक प्रधानले मोबाइलको लतमा बालबालिकालाई त्यसबाट हटाउनका लागि अभिभावक आफैँले पुस्तक अध्ययन गर्ने बानीको विकास गर्नुपर्ने धारणासमेत व्यक्त गर्नुभयो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# आक्रोशमा आरोप

नेकपा एमालेबाट हटाइएका भीम रावलले प्रधानमन्त्री समेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीमाथि अनेक आरोप लगाएका छन् । उनले एमालेका उपाध्यक्ष समेत रहेका अर्थमन्त्री विष्णु पोडेलको छोरा र सर्वोच्च अदालतका न्यायाधीशमाथि ललिता निवास प्रकरणमा अख्तियार दुरुपयो अनुसन्धान आयोगले मुद्दा नचलाउनमा ओलीको निर्देशन रहेको आरोप लगाएका छन् । नेपाल सानो देश हो । यहाँ अधिकांश विषय गोप्य रहँदैन । प्रधानमन्त्री ओलीले पौडेलका पुत्र र सर्वोच्चका न्यायाधीशलाई जोगाउन गरेको सिफारिसको बेला रावल एमालेमै थिए । त्यस बखत उनी प्रभावशाली पनि थिए । तर मुद्दा दर्ता हुने बखत उनले मुख खोलेनन् । त्यसको प्रमुख कारण रावल एमालेमा हुनु नै थियो । तर अहिले पार्टीले उनलाई कारवाही गरी निष्कासन गरेपछि अनेक आरोप र लाञ्छनाहरु लगाएका छन् । पार्टीमा रहँदा उनले मौन समर्थन जनाएका विषयहरुलाई पार्टीबाट बाहिरिएपछि सार्वजनिक गर्नुको धेरै औचित्य छैन । पार्टीबाट निष्कासनमा परेपछि उनले आक्रोशमा अनेक आरोप लगाएको एमालेका नेताहरुले बताइसकेका छन् । एमालेमा झलनाथ खनाल र माधव नेपाललाई ओलीले पार्टीमा भूमिकाविहीन बनाउँदा रावलले बिरोध गरेका थिएनन् । उनी पनि नेपाल, खनाललगायतका नेताहरु पार्टीबाट अलग होस् भन्ने चाहना राखेका थिए । उनीहरु हटेपछि प्रभावकारी भूमिका र नेतृत्व पाउने उनको विश्वास थियो । तर उनको चाहना पूरा नभएपछि ओली विरुद्ध अध्यक्षमा उम्मेदवारी दिए । त्यसपछि त उनी पार्टीमा झन एक्लिदै गए । एमालेमा अपमानित भएर पनि रावल र घनश्याम भुषाल रहेका थिए । भुषालले पछिल्लो निर्वाचनमा एमालेबाट टिकट नपाउँदा स्वतन्त्र रुपमा चुनाव लडे र पराजित भए । त्यसपछि उनी माधव नेपाल नेतृत्वको नेकपा एसमा महासचिवको प्रभावशाली भूमिका पाए । तैपनि रावलले पार्टी छाडेनन् । उनलाई बाध्य भइ अध्यक्ष ओलीले पार्टीबाट निष्कासन नै गर्नु पऱ्यो । पार्टीमा रहँदा हरेक नेता र कार्यकर्ताले अनुशासनको कडाईका साथ पालना गर्नुपर्छ । नेपाली काँग्रेस जस्तो लोकतान्त्रिक दल नेकपा एमाले होइन । एमालेमा अनुशासन प्रमुख विषय हो । नेपाल, खनाल, वामदेव गौतम, भुषाल लगायतका कयौँ नेताहरुपछि रावल त्यस सूचीमा परेका छन् । उनले अहिले व्यक्त गरेको धारणा पार्टीबाट निष्कासनमा परेपछिको आक्रोश भएको सबैको बुझाई छ । एमाले भित्र अध्यक्ष ओली अत्यन्त प्रभावशाली र चतुर नेता हुन् । एमालेमा अध्यक्ष ओलीको विरोध गर्नेहरु एमालेमा अब छैनन् । अध्यक्षको बर्खिलापमा जानेलाई एमालेमा कारबाही हुन्छ भने चेतावनी पनि रावलको निष्कासनले दिएको छ ।

# आर्थिक संकट: एउटा रोमाञ्चक कथाको अवसान



मुराहरि पराजुली

माघ २०६३, एउटा चिसो बिहान हामी भक्तपुर बालकोट पुगेका थियौं, घडेरी हेर्न। जग्गा देखाउने मान्छे त्यहाँ पहिल्यै तैनाथ थिए।'दिउँसो बोलाउनुभएको भए हुन्थ्यो नि, यस्तो जाडोमा किन बिहानै बोलाउनुभयो,' जग्गा देखाउने महाशयलाई मैले भनेको थिएँ।

'आज दिउँसो म अलि व्यस्त हुन्छु,' ङिच्च दाँत देखाउँदै उनले भने, 'त्यसैले तपाईंहरूलाई बिहानै दुःख दिएँ।'आफू जग्गा कारोबारी नभएर अध्यापक भएको खुलाउँदै उनले दिउँसो कलेज पढाउन जानुपर्ने बाध्यता सुनाए।'पढाएर मात्रै गुजारा चल्दैन। यताबाट पनि केही हुन्छ कि भनेर लागेको,' उनले रहस्य खोले।त्यति मात्रै होइन, सबै पेसा-व्यवसायका मान्छे जग्गा कारोबारी भएको उनले दाबी गरे।

उनले भने, 'आजकल डाक्टर क्लिनिकमा भेटिँदैनन्, यतै खेतबारी, प्लटिङमा भेटिन्छन्।'उनले देखाएको जग्गा मननपरे पनि हामीलाई उनको गफले भने चित्त बुझाएको थियो।साँच्चै, त्यति बेला माहौल त्यस्तै थियो।यस्तो लाग्थ्यो – मान्छेहरूको काम नै जग्गा किनबेच गर्ने हो। भेटिएका मान्छे सबै जग्गा किनबेचका कुरा मात्र गरिरहेका छन्। धनी बन्ने एक मात्र सूत्र जग्गा कारोबार जस्तो थियो। धेरैलाई घरजग्गाको मूल्य अनन्तकाल सम्म तीव्र गतिमा बढ्छ भन्ने लागेको थियो।

त्यसैले जग्गाको भाउ रातारात बढ्थ्यो। थोरै भाग्यमानीले मात्र खास जग्गाधनीलाई भेटेर जग्गाको मोलतोल गर्न पाउँथे। खरिदकर्ता र जग्गाधनीबीच मध्यस्थकर्ताको थुप्रै तह हुन्थ्यो।जग्गालाई छोएर राजमार्ग बन्दैछ; नयाँ सहर विकास हुँदैछ; नजिकै नयाँ परियोजना बन्दैछ – जग्गा बेच्ने मध्यस्थकर्ताहरू यस्ता अनेक कथा हाल्थे।यस्ता कथाले धेरैलाई लोभ्याएझैं लाग्थ्यो।कथा साँचो होस् वा झुटो, किन्नेलाई मतलब हुन्थेन। आज किनेको जग्गा भोलि बेच्ने बेलामा पनि यस्तै कथाले बिक्री हुन्छ भन्नेमा सबै ढुक्क थिए।

हामी नेपालीलाई मात्र यस्ता कथाले झुक्यानमा पार्ने भने होइन। विभिन्न कालखण्डमा विभिन्न देशमा यस्ता घटना भएका छन्। ती घटनाको रूप फरक भए पनि सार एउटै थियो – सम्पत्तिहरूको मूल्यमा अस्वाभाविक वृद्धि। अर्थात्, मान्छेका हातमा धेरै पैसा भयो अनि उनीहरू रोमाञ्चक कथाहरूको सहारा लिएर घरजग्गा, सेयर लगायत सम्पत्तिलाई उच्च मूल्यमा किन्न तयार भए।कतिपय मुलुकमा यस्ता कथाको रचना सरकारले पनि गरेको छ। यस्ता कथालाई ठीक ढंगले बुझ्न नसक्दा ती देशका समाजले दुःख पाएका छन्।

हाम्रोमा रेमिटेन्सको आप्रवाहले घरजग्गाको कथालाई बढी बिकाउ बनायो।हाम्रोमा परम्परागत सोच पनि छ – माटो (जग्गा) मा हालेको पैसा खेर जाँदैन।घरजग्गा बाहेकका उच्च प्रतिफल आउने अरू सम्पत्ति वा व्यवसायमा लगानी गर्ने ज्ञान, सीप तथा अवसरको हामीकहाँ अभाव छ। त्यसैले रेमिटेन्सले घरजग्गा उचाल्यो, सहकारी उचाल्यो, सेयर बजार उचाल्यो, सवारी साधनको बिक्री बढायो, होटल-रेस्टुरेन्ट गुलजार भए, बैंक-फाइनान्सले नाफा कमाए।

जनसंख्याको एउटा समूह त्यति बेला मस्तीमा थियो, अझै पनि छायो चक्र निरन्तर चलिरहन्छ भन्ने हामीलाई लाग्यो। हामीले अर्थतन्त्रमा मूल्य अभिवृद्धि गर्ने गतिविधिमा लगानी गरेका छैनौं भन्ने कसैलाई हेक्का भएन। हामीले उत्पादन गरेका छैनौं, मात्र विनिमय गरिरहेका छौं भन्ने याद गरेनौं। कुनै दिन यो चक्र रोकिन सक्छ भन्ने ख्याल गरेनौं।

रमाइलो पार्टी चलिरहँदा नकारात्मक कुरा कसैले गर्दैन, हामीले पनि गरेनौं।राष्ट्र बैंकले केही वर्षअघि घरजग्गाको मूल्य सम्बन्धी एउटा सर्वेक्षण गरेको थियो। आर्थिक वर्ष २०७६/७७ मा वाणिज्य बैंकहरूबाट संकलन गरेको तथ्यांकका आधारमा घरजग्गाको मूल्य वृद्धि दर २६.४५ प्रतिशत थियो। मालपोत कार्यालयहरूबाट संकलन गरेको तथ्यांकका आधारमा त्यस्तो मूल्य वृद्धि १९.७२ प्रतिशत थियो।

त्यसै वर्ष समग्र मूल्य वृद्धि दर ५.१ प्रतिशत थियो। कुल गार्हस्थ्य उत्पादन वृद्धि दर २.३ प्रतिशतले ऋणात्मक थियो।

यसको अर्थ घरजग्गाको मूल्य वृद्धि र समग्र आर्थिक गतिविधिबीच तालमेल नरहेको भन्ने हुन्छ। कुनै एक वर्षको तथ्यांकलाई आधार बनाएर निष्कर्ष निकाल्नु गलत हुन सक्छ। यसलाई संकेतका रूपमा भने प्रयोग गर्न सकिन्छ। अझै पनि घरजग्गा व्यवसायलाई चलायमान बनाउन सकियो भने अर्थतन्त्र उकास्न सकिन्छ भन्ने तर्क गरिन्छ। अझै पनि सहकारी अभियानलाई शुद्धीकरण गरियो वा ब्युँताउन सकियो भने गरिबी निवारण गर्न सकिन्छ भन्ने विचार माथिल्लो तहबाट आउने गरेको छ।

यस किसिमको अभिव्यक्ति समस्या निदानमा भएको गल्तीको उपज हो।मान्छेले यस्तो गल्ती किन गर्छ?

अर्थशास्त्रतर्फको नोबेल पुरस्कार बिजेता डानियल कानेमानले 'थिंकिङ फास्ट एन्ड स्लो' मा यसको व्यापक चर्चा गरेका छन्।उनले भनेका छन्, 'हाम्रा निष्कर्षहरू प्राय अविवेकी र कुतार्किक मान्यतामा आधारित हुन्छन्, तथ्यपरक हुँदैनन्।'उनले किताबमा थुप्रै किसिमका मानसिक पूर्वाग्रहको उदाहरण सहित व्याख्या गरेका छन्। त्यसमध्ये एउटा हो 'अभाइलेबलिटी बायस'।यसलाई 'अभाइलेबलिटी ह्युरिस्टिक' पनि भन्छन्।यस किसिमको पूर्वाग्रहमा मान्छेले उपलब्ध सूचनाका आधारमा गलत अनुमान गर्छ वा गलत निष्कर्षमा पुग्छ।

किताबमा उनले उल्लेख गरेका केही उदाहरण यस्ता छन् –

अमेरिकामा सबै किसिमका दुर्घटनाबाट भन्दा हृदयघातका कारण मृत्यु हुनेको संख्या दोब्बर छ। तर कानेमानले किताबमा उद्धृत गरेको अनुसन्धानमा सहभागी ८० प्रतिशत उत्तरदाताले हृदयाघातभन्दा दुर्घटनाबाट मृत्यु हुनेको संख्या धेरै हुने बताएका थिए। यसैगरी मधुमेहले भन्दा दुर्घटनाले तीन गुणा बढी मान्छेको मृत्यु हुने कुरा अनुसन्धानमा सहभागी उत्तरदाताले बताएका थिए। जबकि आधिकारिक आँकडाले दुर्घटनाभन्दा मधुमेहका कारण चार गुणा बढी मान्छेको मृत्यु हुने गरेको छ।

यस किसिमको जनधारणा मृत्युको प्रकृति, मिडियामा आउने समाचार र सार्वजनिक वृत्तमा हुने चर्चाले बनेको कानेमान बताउँछन्। मिडियाका कारण जनधारणा बन्ने मात्र होइन, जनताले कस्तो सूचना खोजिरहेका छन्, त्यस्तै प्रस्तुत गर्ने भएकाले पनि गलत कथन बलियो बन्दै जाने र त्यसले समाजमा जरा गाड्दै जाने गर्छ।यो चक्र सूचनाको उत्पत्ति र उपभोगमा मात्र सीमित हुँदैन। यसले नीति निर्माणमा प्रभाव पार्छ। नीति निर्माताले आम मानसिकतासँगै लय मिलाएर नीति तर्जुमा गर्ने सजिलो बाटो रोज्छन्। यो उनीहरूको राजनीतिक करिअरका लागि सुरक्षित पनि हुन्छ।

समुदाय र आम जनताको हित केमा छ भनेर गहिरो अध्ययन गर्नुपर्ने आवश्यकता उनीहरूलाई पर्दैन। सस्तो लोकप्रियता हासिल हुने अनुत्पादक र अनौठा कार्यक्रम सरकारको प्राथमिकतामा पर्छ। यस्ता कार्यक्रमहरूले करदाताको पैसालाई गलत ठाउँमा खर्च गर्ने, गलत तरिकाले खर्च गर्ने र गलत मान्छेहरूका लागि खर्च गर्ने बाटो खोलिदिन्छ।

हाम्रो आर्थिक, राजनीतिक तथा सामाजिक परिवर्तनका सन्दर्भमा पनि यस्ता थुप्रै अन्धविश्वास छन्। निश्चित आर्थिक कार्यक्रमले समृद्धि ल्याउँछ, निश्चित राजनीतिक सामाजिक व्यवस्थाले सुशासन ल्याउँछ, निश्चित राजनीतिक दल वा नेता विशेष परिवर्तनको वाहक हो भन्ने लगायत गलत कथनमा आम जनता अल्झिरहेका हुन्छन्।

अन्य विषयलाई थाति राखेर आर्थिक गतिविधिको मात्रै कुरा गर्ने हो भने पनि हामी कहाँ धेरै किसिमका गलत बुझाइ व्याप्त छन्। हामी भित्रैबाट आर्थिक खुलापनलाई स्वीकार गर्न सकिरहेका छैनौं। संरक्षणवाद, कृपावादमा हाम्रो विश्वास छ। हामी उत्पादनमा भन्दा वितरणमा जोड दिन्छौं। भन्नलाई निजी क्षेत्र आर्थिक वृद्धिको वाहक हो भने पनि धेरै कुरा सरकारले नै गरिदियोस् भन्ने चाहन्छौं। सरकारी सहायता, अनुदान, कोटा, छुट, सहुलियत माग गर्छौं।निजी व्यक्ति वा समुदायको सिर्जनशीलता र उद्यमशीलतामा हाम्रो पटक्कै विश्वास छैन। अनि हामी भन्छौं – आर्थिक विकास भएन, संकुचन आयो, रोजगारी सिर्जना भएन, महँगी बढ्यो, परनिर्भरता बढ्यो।

साँच्चिकै यी कुराहरू तथ्यपरक छन्? तथ्यपरक नै हुन् भने यो अवस्थामा हामी कसरी आइपुग्यौं?यसमा एउटा त हाम्रा समस्यालाई बढाइँचढाइ गरिएको हुन सक्छ। अर्को, समस्यालाई गलत रूपमा बुझिएको हुन सक्छ।राजनीतिमा सत्ता बाहिर रहेको दलले समस्यालाई बढाइँचढाइ गरेर सत्ताधारीलाई दोष दिने प्रयास निरन्तर गर्छ। समस्या भयावह भइसक्यो, यो सरकारले केही गरेको छैन, केही गर्न सक्दैन, हामी भएको भए तुरून्तै समाधान गर्थ्यौं भनेर राजनीतिक चाल चल्ने कुरा नौलो होइन।

चीनमा माओकै पालामा 'ग्रेट लिप फरवाड' भन्ने कार्यक्रम ल्याइयो। निजी सम्पत्ति अधिकारलाई खारेज गरियो, सामुदायिक कृषि व्यवस्था लागू गरियो। चलिरहेका ससाना सामुदायिक खेती गाभेर भिमकाय बनाइयो। सामुदायिक भान्छामा खाना खाने भनियो। घरघरका भाडावर्तन संकलन गरेर करेसाबारीको भट्टीमा गाल्दै फलाम उद्योग चलाइयो। १५ वर्षभित्रै फलाम उत्पादनमा बेलायतलाई जित्ने माओको योजना थियो।

आम धारणा र वास्तविकता बीचको खाडल कम गर्न इमानदार र प्रभावकारी नेतृत्व आवश्यक हुन्छ। नेताले लोकप्रिय वाचा गर्नुको साटो आर्थिक समस्याको जटिलताबारे जनतालाई शिक्षित गर्नुपर्छ। अर्थपूर्ण परिवर्तनका लागि आवश्यक समय र प्रयासबारे पारदर्शी संवाद गर्नुपर्छ।जब मान्छेले आर्थिक मुद्दाहरूको स्वभाव बुझ्छन्, तब दीर्घकालीन समाधान लक्षित नीति र पहललाई समर्थन गर्छन्। यस किसिमको बुझाइ निर्माण गर्ने र समर्थन जुटाउने धैर्य नेतृत्वमा हुनुपर्छ।

देशको कुनाकुनाबाट अन्न उत्पादन दोब्बर, तेब्बर बढेको रिपोर्ट आउन थाल्यो। अब चीनमा पर्याप्त अन्न उत्पादन हुन्छ भनियो। कोही भोकभोकै मर्नु पर्दैन भनियो।तर लगत्तै अर्को वर्ष भोकमरी फैलियो। त्यो भोकमरीमा डेढ करोडदेखि ४ करोड मान्छे मरेको अनुमान गरिन्छ।

अमेरिकामा सन् २००८ मा देखा परेको भएको वित्तीय संकटको बिउ सन् १९३० को दशकमा राष्ट्रपति फ्र्याँकलिन रूजबेल्टले रोपेका थिए। 'न्यु डिल' का नाममा उनले सुरू गरेका अनेकन कार्यक्रममध्ये एउटा घरवारविहीनलाई सस्तोमा आवास उपलब्ध गराउने थियो।

यो लोकप्रिय कार्यक्रमको नक्कल पछिका अरू राष्ट्रपतिले पनि गरे। घर तथा अपार्टमेन्टका लागि सजिलै ऋण पाइने भयो। अब आवासका लागि मात्र घर तथा अपार्टमेन्ट प्रयोग हुन छाड्यो। सानो घर भए पनि हुनेले ठूलो घर किन्न थाले, एउटा घर भए हुनेले धेरै घर किन्न थाले। घर सट्टेबाजी गर्ने माध्यम बने। बैंक तथा बिमा कम्पनीले यो सट्टेबाजीलाई सहज बनाए।

'कोल्याटराइज्ड डेट अब्लिगेसन' जस्तो नयाँ वित्तीय औजार प्रयोगमा ल्याइयो। कमसल ऋणको व्यापक कारोबार भयो। यो बेथिति नियामकले देखेको नदेखेझैं गरे।समाजवादी आर्थिक प्रणाली अपनाएको भनिएको चीन र पुँजीवादी प्रणाली अपनाएको भनिएको अमेरिकामा सरकारका लोकप्रिय कदमले कसरी जनतालाई संकटको आगोमा झोसे भन्ने यी प्रतिनिधि उदाहरण हुन्।

संसारभर विभिन्न मुलुकमा, विभिन्न समयमा भएका यस्ता दुर्घटनाका थुप्रै उदाहरण हामी पाउँछौं।नेपालको वर्तमान आर्थिक चुनौतीहरू चासोको विषय नहुने कुरै भएन। तर यी समस्याबारे बनेको आम धारणा, समस्याको वास्तविक कारण र समाधानका लागि सुझाइएका उपायले काम गर्छ भन्न सकिँदैन। आम धारणा र वास्तविक कारणमा रहेको यो बेमेलले एउटा चक्रलाई बढावा दिन्छ। यो चक्रमा मान्छेहरू तत्काल समाधानको माग गर्छन् र नेताहरू तत्काल समाधानको वाचा गर्छन्। नेताका वाचा अनुरूपका कार्यक्रमले अर्को समस्या सिर्जना गर्छ। यो चक्रले समस्यालाई विरलै सम्बोधन गर्छ। आर्थिक समस्याहरू स्वाभाविक रूपमा जटिल हुन्छन् र रातारात समाधान गर्न सकिँदैन।

सामान्यतया बेरोजगारी, व्यापार घाटा, मुद्रास्फीति, न्यून वृद्धि जस्ता आर्थिक मुद्दाहरू एकअर्कासँग जोडिएका हुन्छन्। रेमिटेन्समा नेपालको अधिक निर्भरताले बाह्य झट्काको जोखिम बढाएको छ। रेमिटेन्सको स्रोत-मुलुकमा समस्या आउने बित्तिकै हामी अप्ठ्यारोमा पर्छौं। अपर्याप्त पूर्वाधार, राजनीतिक अस्थिरता र औद्योगिक विविधीकरणको अभावले समस्यालाई झन् चर्को बनाउँछ।रेमिटेन्सले हाम्रो दैनिकी सहज बनाएको छ तर यसले हामीलाई सिर्जनशील र मेहनती बन्न दिएको छैन। बैंक तथा फाइनान्स कम्पनीहरूमा पर्याप्त लगानीयोग्य पुँजी हुँदा पनि हामीले माग गरिरहेका छैनौं। त्यसको एउटा कारण हामीसँग व्यावसायिक सिर्जनशीलतको अभाव हुन सक्छ।

आम बुझाइले आर्थिक मुद्दालाई सामान्यीकरण गर्छ, सरल बनाउँछ। यस्ता धारणा प्रायः उच्च महत्वाकांक्षा र चरम निराशामा अभिव्यक्त हुन्छन्। राजनीतिकर्मीले त्यस्ता अभिव्यक्तिलाई आफ्नो राजनीतिक लाभ अनुकूल हुने गरी पुँजीकृत गर्छन्। यो चक्रले अवास्तविक अपेक्षाहरू सिर्जना गर्छ। दिगो विकासका लागि हुनुपर्ने संरचनात्मक सुधार ओझेलमा पर्छ।शिक्षा, सीप विकास, पूर्वाधारमा लगानी जस्ता दीर्घकालीन महत्त्वका विषयबाट ध्यान हटाएर महँगी घटाउने, रोजगारी सिर्जना गर्ने जस्ता अल्पकालीन उपाय प्राथमिकतामा पर्छन्।

आर्थिक समस्याका मूल कारण पहिचान नगरी अगाडि सारिने समाधान सतही र प्रतिउत्पादक हुन्छन्। उदाहरणका लागि, नेपालको व्यापार घाटा र घरेलु उत्पादन एकआपसमा जोडिएका विषय हुन सक्छन्। तर यी दुई विषयलाई हामी छुट्ट्याएर छलफल गर्छौं। हाम्रो उद्यमशील क्षमता र सिर्जनशीलताको कमीले घरेलु उत्पादनले बजार लिन नसकेको र आयातीत वस्तुले प्रतिस्थापन गरेको हुन सक्छ। तर हामी विदेशी आयातलाई निरूत्साहित गर्ने गरी भन्सार बढाउने वा स्वदेशी उत्पादनको निर्यात प्रवर्द्धन गर्न अनुदानको व्यवस्था गरिरहेका हुन्छौं।


स्थानीय उद्योग, सिर्जना र उद्यमशील व्यवहार प्रोत्साहन गर्ने नीति तर्जुमा गर्ने र त्यस अनुरूप लगानी हुनुपर्छ। यद्यपि यसले तत्काल फल दिँदैन, समय लिन्छ। यो झर्कोलाग्दो उपाय हो, यसमा कुनै रोमाञ्च हुँदैन।द्रुत समाधान आकर्षक हुन्छन्, टिकाउ हुँदैनन्। यसले सार्वजनिक दायित्व (ऋण, सरकारी खर्च) बढाउँछ, कर बढाउँछ, महँगी बढाउँछ, विदेशी सहायतामाथि निर्भरता बढाउँछ। तत्काल परिणामको वाचा गर्ने नेताले दिगो विकासका लागि आवश्यक प्रणालीगत परिवर्तनको कुरा गर्दैन।

आम धारणा र वास्तविकता बीचको खाडल कम गर्न इमानदार र प्रभावकारी नेतृत्व आवश्यक हुन्छ। नेताले लोकप्रिय वाचा गर्नुको साटो आर्थिक समस्याको जटिलताबारे जनतालाई शिक्षित गर्नुपर्छ। अर्थपूर्ण परिवर्तनका लागि आवश्यक समय र प्रयासबारे पारदर्शी संवाद गर्नुपर्छ।जब मान्छेले आर्थिक मुद्दाहरूको स्वभाव बुझ्छन्, तब दीर्घकालीन समाधान लक्षित नीति र पहललाई समर्थन गर्छन्। यस किसिमको बुझाइ निर्माण गर्ने र समर्थन जुटाउने धैर्य नेतृत्वमा हुनुपर्छ।

आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्न प्रमाणमा आधारित नीति आवश्यक हुन्छन्। शिक्षा, सीप विकास लगायत मानव पुँजीमा लगानी, पूर्वाधार विकास, घरेलु तथा साना उद्यममा जोड, संस्थागत सुदृढीकरण, नीतिगत स्थिरता, सुशासन र भ्रष्टाचार निवारण कम आकर्षक तर विकासका लागि पहिलो र मुख्य सर्त हुन्।आर्थिक प्रगतिको लागि 'रेडिमेड' उपाय हुँदैनन्। क्रान्तिकारी विकासको भ्रममा पर्नु हुँदैन, क्रमिक विकास व्यावहारिक र ग्राह्य हुन्छ। कुनै पनि समाजले रातारात प्रगति गरेको छैन। महिना दिन वा त्रैमासको आँकडा हेरेर निष्कर्षमा पुग्ने र धारणा बनाउने गर्नु हुँदैन।

कसैलाई हामी आर्थिक संकटमा छौं भन्ने लागिरहेको छ भने त्यो एउटा रोमाञ्चक कथाको अवसान हुन सक्छ। यसलाई गणतन्त्र, संघीयता, समाजवादले हाम्रा समस्या छुमन्तर गर्छ भन्ने मनगढन्ते कथाको अन्त्य मान्नुपर्छ। आर्थिक प्रगति हाम्रा प्रतिस्पर्धी मुलुकले भन्दा गुणस्तरीय वस्तु तथा सेवा सस्तो मूल्यमा उत्पादन नगरी हासिल हुँदैन।सेतोपाटी

# हलो जोत्नेको छोरो हली किन होओस्?



नारायण वाग्ले

कसले के कुरा काट्यो कुन्नि, मेरो अगाडि मुडामा बसेकी महिलाले चर्को स्वर गरिन्।

हामी चढेको लोकल भ्यान गाउँले सडकको घुम्ती पार गर्दै राजमार्गतिर ध्यान मोड्दै थियो, अटेसमटेस यात्रुहरूमाझ म ती महिलाको मुद्दा बुझ्न खोज्दै थिएँ।'त्यसो भन्न हुन्न,' उनले थपिन्।ड्राइभरको भर हुँदैन, बानीबेहोरा यस्तै उस्तै, तिनका छोरा पनि ड्राइभर नै हुन्छन् भन्ने खाले कसैले छुसी कुरा गर्दै थियो, ती महिलालाई चस्का पऱ्यो।तिनको परिवारमा कोही ड्राइभर भएर होइन। उनले भनिन्, 'यस्तो कुरा सुन्दा मलाई पुरानो चोट बल्झिन्छ।'

मेरो टोल-छिमेकमा मेला पर्म गर्ने/भर्ने चलन हुँदाकै बेलाको घटना रहेछ। हलो जोत्नु सामान्य थियो। हरेकजसो परिवारमा गाईगोठ र हलगोरू घरको शोभा नै मानिन्थे। उनका पतिले सानैदेखि घरको कामधन्दा र गोठालो गर्दा गर्दै स्कुल जान मन गरेनन्। बरू गोरू नारेर खेत जोत्न जाने रूचि देखाए। किशोर उमेरमै उनी एउटा किसान परिवारको हुने बिरूवाका चिल्ला पात बने।विवाह भएर छोराछोरी जन्मेपछि उनी त जोत्दै नै थिए, उनका छोरा पनि सानोमै हलो समात्ने देखासिकी गर्ने भए। एकपल्ट यी महिलाको कान पर्ने गरी कसैले प्वाक्क मुख खोलेछन्, 'हलो जोत्नेको छोरो हली नै हुने भयो कि क्या हो?'परेन त बित्यास?

'मेरो मनमा यस्तो गड्यो नि,' उनले भनिन्, 'छोरा आफै पढेर कलेज गयो। विदेश पनि गयो। फर्केर आफ्नो काम गर्दैछ। छोरी नै पढेर विदेश गई। तैपनि त्यो वचन अहिलेसम्म बिर्सिन सकेकी छैन।''कसले त्यसरी भनेको?' मैले सोधेँ।

'नचिनेको, टाढाको मान्छेले भन्या भा बरू केही लाग्थेन,' उनले भनिन्, 'नातेदारको बोली गड्ने!'भ्यान गाउँबाट बजार पुगुञ्जेल यात्रुहरूबीच विभिन्न पेसा-व्यवसाय गर्नेका विषयवस्तुभन्दा विदेश जानेबारे युवा कुराकानीले ध्यान खिच्ने गर्छ। हलोबारे कसले थप चर्चा गरोस्? गर्दा पनि कसले कान थापोस्?हलोको कुरा नै पनि बिरानो र त्याज्य मान्नेहरू बढी भइसके। आधुनिक हुनुपऱ्यो, ट्र्याक्टर किन्नुपऱ्यो, व्यावसायिक हुनुपऱ्यो भन्नेहरू बग्रेल्ती भेटिन्छन्।

खेतीपातीलाई पशुपालनबाट अलग्याएर हेर्न सिकाएकाले हाम्रा आँखामा विकास, आधुनिकता र व्यावसायिकताको एकांगी दृष्टि बसेको छ। त्यही कारण कृषि आफैमा अन्यौलमा फसेको छ। कृषि श्रमिकको अभाव गहिरिँदो छ। माटो संकटमा परेको छ।

हलो जोत्नु कुनै काइदाको काम किन जनिएन? किन देशमा आज कोही योग्य हली हुन्छु भन्न हियाउँछ? हलीलाई किन यति हेलाँ? हलीलाई किन हेपाइ? हली, जो हाम्रो अन्न उब्जाउने आधार खडा गर्छ र सबभन्दा बढी होचो-अर्घेलो किन हुन्छ?हलो परम्परागत कृषिको आधारभूत अंग भएर पनि अन्यायको एउटा इतिहास हो। अलोकतान्त्रिक युगको श्रम शोषणको यो एउटा माध्यम पनि थियो।

हली खरिद-बिक्री हुन्थे। अर्कैको घर बस्ने, त्यहाँबाट बेचिएर पनि अर्को घर सरिनसक्थे। हली बस्ने भनेको अभाव, दरिद्रता र उपायविहिनताको अर्को नाम पनि थियो।अहिलेसम्म त यस्तो छ, सामाजिक सञ्जाल नै हेर्यौं भने पनि हलीलाई हेलाँ गर्ने गरिएको हामी पाउँछौं। आधुनिक भनिएकाहरूका गालीको भाषा नै फलानो ढिस्कानोको हली हो भन्ने खाले देखिन्छ। हलो जनजीवनमा परम्पराको चिनारी हुँदाहुँदै दुत्कार्ने विम्ब किन बन्यो?

मध्य पहाडमा बढी जग्गा हुनेमध्ये बाहुनले जोत्न हुन्न भन्ने



र क्षत्रीले सकेसम्म अरूलाई नै हली खोज्ने सामाजिक मान्यता थियो। सात सालको क्रान्तिताक छिमेकी लम्जुङ, दुराडाँडामा बाहुनले हलो जोतेर आन्दोलन पनि गरे। परिवर्तनको शंख फुक्ने माध्यम त हलो बन्यो। राजनीतिक परिवर्तनमा सीमित हुन पुग्दा न्याय र समानतामा आधारित आर्थिक-सामाजिक परिवर्तन सुशुप्त नै रह्यो।

दुर्गम भेगतिर पुरूषको अभावमा महिलाले अनौ समाउनुपरेका समाचार अहिले पनि आउँछन्। तिनको पेटबोलीमा महिलाले जोत्नु हुन्न भन्ने सोच उल्लेख हुने गर्छ। हलोलाई बाध्यता, अविकास, पछौटेपनको पर्यायका रूपमा लिने मनोविज्ञान व्याप्त छ।लोकतन्त्र स्थापनापछि पनि श्रम संस्कार र सम्मान खस्किने क्रम रोकिएन। उँचनिचले अझ बढावा पाउने गरी खुला बजारलाई आफ्नो स्वार्थमा कज्याउन, पहुँच र प्रभावका आधारमा शक्ति संरचना बनाउन सक्ने पेसा र सीपले हैकम पाए।

हलीजस्ता आधारभूत सीप इतिहासको बलियो भेलमा हेलिने मात्र भए।बाबुको बिँडो धान्ने भयो, आमाको खुबी छोरीमा सर्यो भन्नेजस्ता सराहना सहरिया देखिने सीपमा मात्र बढ्ने, ग्रामीण देखिने सीपमा घट्ने क्रम तीव्र भयो। हाम्रो ठूलो सामाजिक रोगको उपचार नखोजी हामी गाउँ सिध्याउने, गाउँको आत्मनिर्भर र स्वावलम्बी श्रम आधार भत्काउने विकासको राजनीति टुलुटुलु हेर्दै गयौं।

श्रमबारे इतिहासको अन्याय सच्याउने सोचको अभाव आधुनिक नेपालको जग बलियो नहुनुको अहम् कारण हो। श्रम र सीपलाई मर्यादित गर्ने संस्कार स्थापित नभएको समाजबाट बाहिरिएर युवाहरू त्यस्तै कामका लागि बिदेसिने त हुन्।हाम्रो राष्ट्रिय विमर्शको स्तर पनि विमानस्थलको विदाइ भीड हेरेर बिलौना गर्ने खालको छ। देशभित्र कोही आफ्नो पेसामा किन टिक्न सकिरहेको छैन भन्ने घोत्लिने हैसियतको छैन।

हलो कुन गतिमा हराउँदै गएको छ भन्ने उदाहरण हाम्रै वडामा पाइन्छ। कृषि पेसालाई कसरी टेवा दिन सकिएला भन्ने गम्दा तनहुँ, व्यास-११ को अघिल्लो कार्यसमितिले किसानलाई हलो कोसेली दिने निर्णय गरेछ।'मेरो कार्यकालको सुरूतिर त्यसरी बोलाउँदा चार सय बढी हलो वितरण गरियो,' तत्कालीन वडाध्यक्ष नीरबहादुर खड्का सम्झिन्छन्, 'कार्यकाल सकिने बेला ती किसानलाई सम्मान गर्न बोलाउँदा आधाभन्दा कम भए।'अहिले त झन् कति घटिसके होलान्?

टोलपिच्छे एकाध हलगोरू मात्र रहन पुगेको अवस्था चित्रण गर्न वडा सदस्य रामकृष्ण अधिकारी भन्छन्, 'म औंला भाँचेरै भन्न सक्छु नि!'दिनको दुई हजार रूपैयाँ ज्याला तथा खाजा-खाना खुवाउँदा पनि जोत्ने याम हली हानथाप हुन थालेकामा हाम्रा छिमेकी ८८ वर्षका झलकबहादुर अधिकारी भन्छन्, 'पहिला हलीलाई अन्याय थियो, अहिले हामीलाई!'

हली हराउने कारण जनशक्ति अभाव मात्र होइन, गोरूकै कारण पनि हो।

गाई नै नभएपछि गोरू कहाँ? बहर कहाँ? बाच्छा कहाँ?

# केन्द्रीय नवीकरणीय ऊर्जा कोषको सदस्यमा शर्मा र यादव नियुक्त



काठमाण्डु । केन्द्रीय नवीकरणीय ऊर्जा कोषको लगानी समितिको सदस्यमा रोजिना शर्मा र अभिषेक यादव नियुक्त हुनुभएको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रअन्तर्गत सञ्चालित उक्त समितिको सदस्यहरुलाई ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले आज नियुक्त गर्नुभएको हो ।

ललितपुरका शर्मा र महोत्तरीका यादव दुवैजना एक दशक बढीदेखि नवीकरणीय ऊर्जा क्षेत्रमा कार्यरत हुनुहुन्छ । ग्रामीण तथा नवीकरणीय ऊर्जा प्रविधिको क्षेत्रमा अनुदान, भायविलिटी ग्याप फण्डिङ (भिजिएफ) तथा सरल कर्जाको प्रभावकारी परिचालन गर्न वित्तीय व्यवस्थासहितको केन्द्रीय नवीकरणीय ऊर्जा कोषको स्थापना भएको थियो ।

उक्त कोषले नवीकरणीय तथा ग्रामीण ऊर्जा प्रविधिको विकास, प्रवर्द्धन तथा विस्तार गर्न अनुदान, भिजिएफ तथा कर्जा प्रवाह गर्ने, वित्तीय मध्यस्थकर्तामार्फत सहुलियत दरमा उपभोक्ता कर्जा उपलब्ध गराउँदै आएको केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जानकारी दिनुभयो ।

उक्त समितिमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव अध्यक्ष, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक सदस्य, अर्थ मन्त्रालयका उपसचिव सदस्य, नेपाल बैंकर्स सङ्घले तोकेको ‘ क’ वर्गको निजी क्षेत्रको वाणिज्य बैंकको प्रतिनिधि सदस्य, विकास साझेदारको तर्फबाट नियुक्त एकजना प्रतिनिधि सदस्य र कोषको सचिवालयको प्रमुख सदस्य-सचिव रहने व्यवस्था छ ।रासस

# सुशासनको सुनिश्चितता सरकारको प्राथमिकता: गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले भ्रष्टाचार नियन्त्रण र सुशासनको सुनिश्चितता वर्तमान सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको विहिबारको बैठकमा ‘भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक’माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै गृहमन्त्री लेखकले भन्नुभयो, “सरकारले भ्रष्टाचारलाई शून्य सहनशीलताका रुपमा लिएको छ, सुशासनको सुनिश्चिता गर्न सरकार प्रतिबद्ध छ ।”

मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने मुख्य जिम्मेवारी सरकारको रहेको जनाउँदै उहाँले जनताबाट आवधिकरुपमा निर्वाचित भएर राजनीतिक दलबाट गठन भएको सरकार मात्रै भ्रष्टाचार नियन्त्रण गर्न सक्षम हुने जिकिर गर्नुभयो । “सरकारमाथि सबैले विश्वास गर्नुपर्छ, कमी कमजोरी भए खबरदारी गर्नुपर्छ”, उहाँले भन्नुभयो । उहाँले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र कारबाही जहिले पनि हुनसक्ने स्पष्ट पार्नुभयो ।

गृहमन्त्री लेखकले नुवाकोटको शेरादरबारको जग्गा हिनामिनासम्बन्धी मुद्दामा गम्भीरतापूर्वक अनुसन्धान भइरहेको जानकारी दिनुभयो । “यस विषयमा अनुसन्धान हुन्छ, कारबाही अघि बढ्छ”, उहाँले भन्नुभयो, “त्यो जग्गा गलत ढङ्गले कोही व्यक्ति वा कम्पनीको नाममा छ भने त्यो फिर्ता हुन्छ ।”गैरकानुनी ढङ्गबाट भएको भ्रष्टाचारजन्य कार्य, सरकारी र

> “सरकारले भ्रष्टाचारलाई शून्य सहनशीलताका रुपमा लिएको छ, सुशासनको सुनिश्चिता गर्न सरकार प्रतिबद्ध छ ।”


सार्वजनिक सम्पत्तिका हिनामिनामा सरकार चुप नलाग्ने र सरकारी सम्पत्ति फिर्ता ल्याउने उहाँले बताउनुभयो ।

सुशासन मार्फत नै आर्थिक समृद्धि हाँसिल गर्न सकिन्छ

गृहमन्त्री रमेश लेखकले संविधानलाई कार्यान्वयन गर्दै संघीय लोकतन्त्रलाई सुदृढ बनाउन वर्तमान सरकारले आफ्नो ध्यान कन्द्रित गरेको बताउनुभएको छ । चन्द्रागिरि नगरपालिकाले विहिबारदेखि कार्यान्वयनमा ल्याएको जिपिएस/जिआइएस प्रणालीमा आधारित ‘डिजिटल’ घर नम्बर जडान तथा सडक चोकको नामकरणको आज यहाँ शुभारम्भ गर्नुहुँदै उहाँले सुशासन मार्फत नै आर्थिक समृद्धि हाँसिल गर्न सकिन्छ भन्नुभयो ।

गृहमन्त्री लेखकले भन्नुभयो “ चन्द्रागिरि नगरपालिकाले आजदेखि कार्यान्वयनमा ल्याएको जिपिएस/जिआइएस प्रणालीमा आधारित ‘डिजिटल’ घर नम्बर जडान तथा सडक चोकको नामकरणलाई अन्य पालिकाले पनि सिक्नुपर्ने र कार्यान्वयनमा ल्याउनुपर्ने काम हो । यसका लागि संघीय सरकारले सहयोग गर्नेछ । ”

चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले नगरपालिकाका सम्पूर्ण सेवालाई ‘डिजिटाइज’ गर्दै स्मार्टसिटी बनाउने आफ्नो लक्ष्य रहेको जानकारी दिँदै यसकार्यलाई जिपिएस/जिआइएस प्रणालीमा आधारित ‘डिजिटल’ घर नम्बर जडान तथा सडक चोकको नामकरणले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले डिजिटल घर नम्बर तथा सडक चोकको नामकरण सहितको प्लेट जडान गर्नु एउटा कामको सुरुआत मात्र हो, वास्तविक कार्य अब सुरुआत हुने छ भन्नुभयो । उहाँले भन्नुभयो “यसैका आधारमा नगरपालिकाका सबै सेवालाई क्रमशः एकीकृत गरी सेवा प्रवाह हुने प्रयास गरिने छ । ”



कार्यक्रममा सांसदद्वय राजेन्द्रकुमार केसी र कृष्णगोपाल श्रेष्ठले चन्द्रागिरि नगरपालिकाका सम्पूर्ण सेवालाई ‘डिजिटाइज’ गर्दै ‘स्मार्टसिटी’ बनाउने लक्ष्यलाई जिपिएस/जिआइएस प्रणालीले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । चन्द्रागिरि नगरपालिकाका उपप्रमुख वसन्ती श्रेष्ठ, प्रवक्ता कृष्णप्रसाद खड्गी चन्द्रागिरि - १५ का वडाध्यक्ष घनश्याम लुईंटेलले चन्द्रागिरिलाई ‘स्मार्टसिटी’मा रुपान्तरण गर्ने कार्यमा साथ र सहयोग पुऱ्याउन नगरवासीसंग आग्रह गर्नुभयो । रासस

# पर्यटन क्षेत्रको समृद्धिका लागि निजी क्षेत्र अघि बढ्नुपर्छ : मन्त्री पाण्डे

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उडडयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन क्षेत्रको समृद्धिका लागि निजी क्षेत्र अघि बढ्नपर्ने बताउनुभएको छ । प्रतिनिधिसभाको अन्तर ाष्ट्रियसम्बन्ध र पर्यटन समितिको विहिबारको बैठकमा उहाँले पर्यटन क्षेत्रको विकासका लागि तीन तहको सरकारलाई जोड्न सरोकारवालाको दुई वटा बैठक सम्पन्न भइसकेको जानकारी गराउनुभयो ।



मन्त्री पाण्डेले भन्नुभयो,“पर्यटन क्षेत्रका समस्यादेखि एयरलाइन्ससम्मका समस्या हल गर्नका लागि वृहत् रूपमा छलफलका लागि भेला गर्दै छौं, त्यसमा समितिको साथ र सहयोगको अपेक्षा गरेका छौं । पोखरा र भैरहवाको विमानस्थल नियमित सञ्चालनका लागि हामी समीक्षा गरिरहेका छौं, केही निकाय त्यहाँ गएपछि दुईवटा एयरपोर्ट नियमित सञ्चालन हुनेछन ।”

उहाँले पर्यटन संस्कृति नीति अन्तिम चरणमा रहेको र नागरिक उड्डयनसम्बन्धी विधेयक मन्त्रिपरिषद्ले पास गरिसकेको जानकारीगराउनुभयो।मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेयले मन्त्रालयका कामकारबाहीको बारेमा जानकारी गराउँदै पुँजी, प्रविधि, जनशक्तिको समितताले अपेक्षा अनुसारको काम गर्न नसकिएको उल्लेख गर्नुभयो ।

समिति सभापति राजकिशोर यदवको अध्यक्षमा भएको बैठकमा पूर्व प्रधानमन्त्री एवं समिति सदस्य माधवकुमार नेपालले निजगढ अन्तर्रास्ट्रिय विमानस्थलको विकल्पमा अरू विकल्प हुन नसक्ने भन्दै निर्माणका लागि लगानी कर्ता खोज्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “काठमाडौं एयरपोर्टको विकल्प निजगढ मात्रै हो, पहिलो प्राथमिकता दिईयोस्, ट्रान्जिटको भूमिका पनि देखिन्छ ।”

पूर्व प्रधानमन्त्री नेपालले कुनै पनि परियोजना बनाउने कुरामा हचुवाको भरमा नभइ कहाँ आवश्यक छ कहाँ छैन कुनै हिसाबकिताब गरेर मात्र गर्नुपर्ने बताउनुभयो । पर्यटकलाई आकर्षित गर्न गन्तव्य ठाउँ सफा सुग्घर बनाउनुपर्ने उहाँको भनाइ थियो ।

सांसद प्रभू साहले निजगढ एयरपोर्टमा चासो नपुगेको र मन्त्रालयको प्राथमिकतामा किन नपरेको भनी प्रश्न गर्नुभयो । साथै उहाँले पुरातात्विक क्षेत्रमा उत्खननका नाममा दुरूपयोग भइरहेको बताउँदै मन्त्री पाण्डेको ध्यानाकर्षण गराउनुभयो ।सांसद धवल शमशेर जबराले पर्यटन क्षेत्रमा स्थानीय तहलाई जिम्मेवार बनाउने कार्य राम्रो भनी प्रशंसा गर्नुभयो । उहाँले मुलुकमा आउने पर्यटकलाई प्रोत्साहन गर्नुपर्ने सुझाव दिनुभयो ।

सांसद भीमप्रसाद आचार्यले नेपालको आफ्नो हवाई जहाज नहुँदा ६० प्रतिशत पर्यटक विदेशी कम्पनीले लिने गरेको बताउनुभयो । भैरहवा र पोखरा विमानस्थल चलाउनुपर्ने उहाँको भनाइ थियो । उहाँले यसका लागि ,दुई छिमेकीमुलुकसँग छलफल हुन जरूरी रहेको बताउनुभयो ।

सांसद सुदन किरातीले पशुपति धर्मशालाको निर्णयको पुनःअधययन गर्ने निर्णय किन गरेको हो भनी मन्त्रीसँग प्रश्न गर्नुभयो । उहाँले निजगढ विमानस्थल विस्तृत अध्ययन गरेर मात्र निर्माण गर्नुपर्ने उल्लेख गर्दै नभए विमानस्थल घाम तापेर बस्नुपर्ने अवस्था आउनसक्छ भन्नुभयो ।

सांसद सुनिता बरालले पर्यटन क्षेत्रमा भूकम्पपछि क्षति भएका सम्पदा कति सम्पन्न भए कति हुन बाँकी छन् जानकारी गराउन माग गर्नुभयो । सांसद प्रेम सुवालले मन्त्रालयको बेरूजु किन फछ्यौट हुन सकेको भनी प्रश्न गर्नुभयो । सांसद शिशिर खनालले हवाई क्षेत्रमा नियमाक निकाय र सेवा प्रदायक निकाय छुट्याउने विषयमा प्रगति राम्रो भएको उल्लेख गर्नुभयो । सांसद योगेश गौचन थकालीले नेपालमा पर्यटन क्षेत्रमा रहेका झन्झटिला प्रक्रियालाई सरलीकरण बनाउनुपर्ने बताउनुभयो ।रासस

# शेरा दरबार जग्गा हिनामिनामा संलग्नलाई कारबाही गर्न अध्यक्ष दाहालको आग्रह

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले



नुवाकोटको शेरा दरबार जग्गा हिनामिनामा गैरकानुनी काम गर्ने तत्काल कारबाही गर्न सरकारसँग आग्रह गर्नुभएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको विहिबारको बैठकमा अध्यक्ष दाहालले उक्त प्रकरणमा संलग्नलाई कारबाही गरी उक्त जग्गा सरकारका नाममा ल्याउन आफ्नो पूर्णसहयोग रहने स्पष्ट पार्नुभयो । “कानुन विपरित काम भएको छ भने तत्काल कारबाही गर्नुस् । जसरी ललिता निवासको जग्गा सरकारका नाममा फिर्ता ल्याइएको छ, त्यसरी नै शेरा दरबारको जग्गा पनि फिर्ता ल्याएमा मैले सरकारलाई धन्यवाद नै दिन्छु ।”

राज्य र सरकारको जमिन कुनै व्यक्तिले गैरकानुनीरुपमा आफ्नो नाममा ल्याउँछ भने जोकोही भए त्यसलाई कानुनको दायरामा ल्याइनुपर्ने उहाँको भनाइ थियो । कुनै विषयमा छानबिन गर्दै जाँदा आफू नै संलग्न भएको भए पनि अनुसन्धानको दायरामा ल्याउनुपर्छ भनेको प्रसङ्ग स्मरण गर्दै उहाँले शेरा दरबारलगायत अन्य प्रकरणमा दोषी देखिएकालाई कारबाही गर्न आग्रह गर्नुभयो ।

“मैले प्रधानमन्त्रीका रुपमा रहँदा जो कोही पनि कानुन मिचेर वा कुनै तरिकाले भ्रष्टाचारमा संलग्न देखिन्छ भने कसैलाई पनि छुट दिन सकिँदैन भनेको थिएँ” पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, “मैले आफ्ना पार्टीका नेता दोषी देखिन्छन् भने छानबिनको दायरामा आउनुपर्छ भनेको थिएँ, शेरा दरबारमा गैरकुननी काम भएको भए सरकारले कारबाही गर्नुपर्छ ।”रासस

# रास्वपा सभापति लामिछानेसहित प्रतिवादीहरुको थुनचेक बहस

गण्डकी । पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित सात प्रतिवादीहरुको थुनचेक बहस जिल्ला अदालत कास्कीमा जारी रहेको छ । मङ्गलबार र बुधबार सरकारी वकिलको बहस सकिएपछि बिहीबारदेखि जाहेरवाला सहकारीपीडित पक्षका कानुन व्यवसायीको बहस सुरु हुने जिल्ला न्यायाधीवक्ता कमला काफ्लेले जानकारी दिनुभयो ।



प्रतिवादीहरुको बयान सकिएलगत्तै जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा मङ्गलबारदेखि थुनचेक बहस सुरु भएको थियो । बधुबार भएको बहसमा महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्त सञ्जिवराज रेग्मी, उपन्यायाधिवक्ता प्रकाश गौतम, जिल्ला न्यायाधिवक्ता कमला काफ्ले, सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्मा र विपिनराज तिवारीले बहस गर्नुभएको थियो ।

जिल्ला न्यायाधिवक्ता काफ्लेले जाहेरवालाका तर्फबाट कानुन व्यवसायीको बहस सकिएपछि प्रतिवादी पक्षका कानुन व्यवसायीको बहस सुरु हुने बताउनुभयो ।

“प्रतिवादी तर्फका कानुन व्यवसायीहरुको बहस सकिएपछि पुनः हाम्रोतर्फबाट जवाफी बहस सुरु हुन्छ”, उहाँले भन्नुभयो । थुनचेक बहसपछि प्रतिवादीहरुलाई पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने कि थुनामुक्त गरेर अनुसन्धान जारी राख्ने आदेश हुनेछ ।

सभापति लामिछानेसहित उक्त सहकारी ठगीको मुद्दामा जोडिएका पूर्वडिआइजी छविलाल जोशी, लीला पछाइ, कृष्णबहादुर गुरुङ, रामबहादुर खनालगायतमाथि थुनचेक बहस भइरहेको हो ।

यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जना विरुद्ध मुद्दा दायर गरेको थियो । लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धिकरण कसुरमासमेत मुद्दा दायर भएको छ । सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जना विरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको जनाएको छ । रासस

# प्रधानमन्त्री ओली र श्रीलङ्काका पूर्वराष्ट्रपति विक्रमासिङ्घेबीच भेटवार्ता

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओली र श्रीलङ्काका पूर्वराष्ट्रपति रनिल विक्रमासिङ्घेबीच विहिबार भेटवार्ता भएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा दुई देशबीचको आपसी सम्बन्ध र पारस्परिक हितका विविध पक्षमा कुराकानी भएको थियो । भेटका अवसरमा प्रतिनिधिसभाका सदस्य एवं उद्योगपति विनोद चौधरीसमेत सहभागी हुनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।यही पुस १३ गते निजी भ्रमणमा नेपाल आउनुभएका श्रीलङ्काका पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका विक्रमासिङ्घे विहिबार स्वदेश फर्कँदै हुनुहुन्छ ।रासस



# राज्य व्यवस्था समितिबाट भ्रष्टाचार निवारणसम्बन्धी विधेयक पारित



काठमाण्डुप्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिबाट भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक पारित भएको छ ।

समितिको विहिबारको बैठकले सभापति रामहरि खतिवडाको प्रस्तावमा उपसमितिको प्रतिवेदनसहित सो विधेयक पारित गरेको हो । उक्त विधेयकमाथिको छलफलमा उठेका विषयलाई टुङ्गोमा पुऱ्याउन समिति सदस्य हृदयराम थानीको संयोजकत्वमा उपसमिति गठन गरिएको थियो । त्यसअघि उपसमितिको प्रतिवेदनमाथि छलफल भएको थियो ।

बैठकमा सरकारका तर्फबाट गृहमन्त्री रमेश लेखकले उपसमितिद्वारा तयार पारिएको प्रतिवेदन सरकारलाई स्वीकार रहेकाले उक्त विधेयक पारित गर्न अनुरोध गर्नुभएको थियो ।रासस

# सन् २०२४ मा एक सय बढी देशमा चुनाव, ८० प्रतिशत देशमा सत्तारूढ दल र राष्ट्रपति पराजित

काठमाण्डु । जनताको मताधिकारका आधारमा शासन सञ्चालनका लागि निष्पक्ष, स्वतन्त्र र भयरहीत वातावरणमा चुनाव हुनु अपरिहार्य मानिन्छ । प्रजातान्त्रिक मुलुकहरूमा जनताले मत दिएर चुनिएका जनप्रतिनिधिबाट शासित हुने अपेक्षा हरेक नागरिकले राखेका हुन्छन् । सन् २०२४ मा विश्वका १०० भन्दा बढी देशमा चुनाव भए, र यी देशमा विश्वको कूल जनसंख्याको झण्डै आधा व्यक्ति बसोबास गर्दछन् जसमा विश्वका सबैभन्दा बढी जनसंख्या भएका १० मध्ये सात वटा मुलुकमा चुनाव सम्पन्न भएका छन् । यसै वर्ष ठूलो जनसंख्या भएका ब्राजिल, भारत, संयुक्तराज्य अमेरिका, पाकिस्तान, मेक्सिको, इन्डोनेसिया, फ्रान्स, बेलायत, दक्षिण अफ्रिका र रसियामा चुनाव भए । साथै युरोपेली संसदका लागि जुन महिनामा चुनाव भयो । नेसनल डेमोक्रेटिक इन्स्टिच्यूटका अनुसार, यी चुनावमा लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरेका मुलुकमध्ये ८० प्रतिशत मुलुकको चुनावमा सत्तारूढ दल पराजित भएका थिए ।



विश्व राजनीतिमा प्रभावशाली मानिएका दुई ठूला प्रजातान्त्रिक मुलुकहरू भारत र संयुक्तराज्य अमेरिकामा निर्वाचन भए । यी निर्वाचनको नतिजा भारतमा अप्रत्यासित नदेखिए पनि अमेरिकी चुनावी परिणामले धेरैलाई आश्चर्यचकित बनायो । संयुक्तराज्य अमेरिकाको ४७ औं राष्ट्रपतिका लागि नोभेम्बर ५ मा सम्पन्न निर्वाचनबाट पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्प विजयी हुनुभयो । उहाँले राष्ट्रपतिका लागि ५३८ इलेक्टोरल कलेज भोटमध्ये ३१२ मत पाउनु भएको थियो । डेमोक्रेटिक पार्टीका प्रभावशाली उम्मेदवार कमला ह्यारिसले यसपटक अमेरिकी सर्वोच्च पद राष्ट्रपतिमा विजयी हुने आंकलन थियो । तर स्वीङ स्टेट भनिने राज्यमै ह्यारिसले नराम्रो पराजय भोग्न बाध्य हुनुभयो । ट्रम्पको दल रिपब्लिकन पार्टीले सिनेट र हाउस अफ रिप्रिजेन्टेटिभ्समा समेत झिनो भए पनि बहुमत हासिल गरेको छ ।

ट्रम्पको विजयसँगै अमेरिकी दुबै सदनमा रिपब्लिकन पार्टीको विजयले ट्रम्पका केही एजेन्डालाइ लिएर विश्वव्यापी चासो, चिन्ता व्यक्त हुँदै आएको छ । खासगरी ट्रम्पका आप्रवासन, सीमा सुरक्षा र विश्वमा हाल चलिरहेका गाजा, युक्रेन र सिरिया द्वन्द्व जस्ता विषयमा के हुने भन्ने अन्यौल कायमै छ । उता छिमेकी मुलुक क्यानाडा, युरोपेली मुलुकहरू र चीनसँगको व्यापार द्वन्द्व पनि सञ्चारमै छ । अमेरिका प्रथम को नारालाई सार्थक बनाउन अबरोध गर्ने जुनसुकै मुलुकमाथि करको डन्डा चलाउने ट्रम्पको योजनालाई लिएर विश्वव्यापी विरोध भइरहेकै छ ।

**दक्षिण एसियामा चुनावी नतिजा**

नेपालको निकट छिमेकी मुलुक भारतमा सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) कै नेतृत्वमा केन्द्रमा सरकार बनेको छ । प्रधानमन्त्री नरेन्द्र मोदी र उहाँको दल भाजपाले एकल प्रचण्ड बहुमत सहितको नतिजा ल्याउन नसके पनि संसदमा सबैभन्दा ठूलो दलको हैसियतले सरकार बनाएको छ । ५४३ सदस्यीय लोकसभामा २४० स्थान जितेको भाजपाले गठबन्धनका दलहरूको समर्थनमा सरकार बनाएको छ । भारतलाई स्थिरता दिने गरी प्रधानमन्त्री मोदी तेस्रो कार्यकालका लागि प्रधानमन्त्री चुनिनु भएको छ ।

भारतको यस चुनावी नतिजाबाट छिमेकी मुलुकहरू उत्साहित बनेका छन् । खासगरी भारतले अघि सारेको नेभरहुड फर्स्ट नीति बमोजिम भारतले व्यवहार गरेको भनिए पनि छिमेकी मुलुकहरूले त्यस बमोजिम लाभ प्राप्त गर्न भने सकेका छैनन् । तैपनि, चीन भारतबीच गलवान क्षेत्रको तनावलाइ मत्थर बनाएर दुबै देशबीच सम्बन्ध सामान्यीकरणको प्रयास भने जारी रहेका खबर आइरहेका छन् । चाँडै दुबै देशका उच्च नेतृत्वले एकअर्काका मुलुकको भ्रमण गर्ने तयारी भइरहेको समाचार छ । नेपालजस्तो दुबै देशको बीचमा रहेको मुलुकका लागि यो निश्चय पनि खुसीको कुरा हो ।

दक्षिण एसियाली मुलुक पाकिस्तानमा पनि यसै वर्षको फेब्रुअरी ८ मा संसदका लागि चुनाव भयो । पूर्व प्रधानमन्त्री इमरान खानलाई जेलमा राखेर तथा उहाँको दल पाकिस्तान तेहरिक-ए इन्साफ (पिटिआई) लाई चुनावी प्रतिस्पर्धा गर्नबाट बन्चित गराएर भएको आम निर्वाचनबाट पूर्व प्रधानमन्त्री नवाज शरिफको पार्टी पाकिस्तान मुस्लिम लिग (नवाज) सबैभन्दा ठूलो दल बन्न सफल भएको थियो, तर बहुमत थिएन । उसले बेनजिर भुट्टोका छोरा बिलाबल भुट्टोको नेतृत्वमा रहेको पाकिस्तान पिपुल्स पार्टीको समर्थनमा सरकार बनाएको छ । यस चुनावमा अनेक चुनौतीका बीच इमरान खानको पार्टीको समर्थनमा स्वतन्त्र रुपमा उठेका उम्मेदवारहरुले संसदमा दोस्रो स्थान ओगटेका छन् । मार्च ९ मा सम्पन्न राष्ट्रपतिको चुनावमा पाकिस्तान पिपुल्स पार्टीको समर्थनमा उठेका आशिफ अलि जर्दारी राष्ट्रपति चुनिनु भएको छ ।

दक्षिण एसियाली मुलुक श्रीलंकामा राष्ट्रपति र संसदको चुनाव यसै वर्ष सम्पन्न भए । गत वर्ष जनविद्रोहबाट त्यहाँको महिन्दा राजपाक्षको सरकार पतन भएसँगै रनिल विक्रमासिंघेले अन्तरिम सरकारको नेतृत्व गरी चुनाव सम्पन्न गराउनु भएको थियो । २१ सेप्टेम्बर २०२४ मा सम्पन्न यस चुनावबाट श्रीलंकाको जनथा विमुक्थी पेरामुना (जेभिपी) पार्टी समर्थित वामपन्थी नेता अनुरा कुमारा दिस्सानायके राष्ट्रपतिमा विजयी हुनुभयो । साथै २०२४ नोभेम्बर १४ मा सम्पन्न संसदीय निर्वाचनमा पनि उहाँकै घटक दल (नेसनल पिपुल्स पावर) ले बहुमत हासिल गरेको छ । कोभिड पछि अस्तव्यस्त बनेको श्रीलंकाली अर्थतन्त्र उकास्न, राजनीतिक तहमा रहेको नातावाद र भ्रष्टाचार रोक्न तथा देशको जर्जर अर्थव्यवस्थामा सुधार ल्याउन नयाँ सरकार सफल हुने अपेक्षासाथ श्रीलंकाली जनताले अपार समर्थन र विश्वास गरेका छन् । चीनका कारण भारत र श्रीलंकाबीचको सम्बन्धमा दरार उत्पन्न भएको भन्दै आलोचना भइरहेको समयमा श्रीलंकाली नवनिर्वाचित राष्ट्रपति दिस्सानायकेले भारतको भ्रमण गरी सम्बन्ध सामान्यीकरण गर्ने प्रयास थाल्नु भएको छ ।

उता माल्दिभ्समा समेत यसै वर्ष २०२४ अप्रिल २१ मा संसदको चुनाव भयो । यी चुनावमा राष्ट्रपति मोहम्मद मोइज्जुको दल पिपुल्स नेसनल कंग्रेस (पिएनसी) ले बहुमत हासिल गरेको छ । यसबीच छिमेकी मुलुक भारतसँगको तिक्ततापूर्ण सम्बन्धमा सुधार ल्याउन मोइज्जुले भारतको पटकपटक भ्रमण गर्नु भएको छ ।

बंगलादेशमा जनवरी ७ मा सम्पन्न आम निर्वाचन भने विवादको घेरामा परेको थियो । प्रमुख विपक्षी बंगलादेश नेसनलिस्ट पार्टीले बहिस्कार गरेको यस चुनावमा शेख हसिनाको नेतृत्वमा रहेको सत्तारुढ अवामी लिगले प्रचण्ड बहुमत हासिल गरेको थियो । शेख हसिना पुनः प्रधानमन्त्रीमा चुनिए पनि जनताले विद्रोह गरेपछि शेख हसिना स्वयं देश छाडेर हाल भारतमा आश्रय लिइरहनु भएको छ । नोबेल पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा अहिले नयाँ अन्तरिम सरकार बनेको छ, र यसले सम्भवतः यसै वर्ष चुनाव गर्दैछ ।

> बंगलादेशमा जनवरी ७ मा सम्पन्न आम निर्वाचन भने विवादको घेरामा परेको थियो । प्रमुख विपक्षी बंगलादेश नेसनलिस्ट पार्टीले बहिस्कार गरेको यस चुनावमा शेख हसिनाको नेतृत्वमा रहेको सत्तारुढ अवामी लिगले प्रचण्ड बहुमत हासिल गरेको थियो । शेख हसिना पुनः प्रधानमन्त्रीमा चुनिए पनि जनताले विद्रोह गरेपछि शेख हसिना स्वयं देश छाडेर हाल भारतमा आश्रय लिइरहनु भएको छ । नोबेल पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा अहिले नयाँ अन्तरिम सरकार बनेको छ, र यसले सम्भवतः यसै वर्ष चुनाव गर्दैछ ।

भुटानमा पनि यसै वर्ष जनवरी ९ मा ४७ सदस्यीय नेसनल एसेम्ब्लीका लागि निर्वाचन सम्पन्न भयो । चुनावमा पिपुल्स डेमोक्रेटिक पार्टीले २४ स्थानमा विजयी हुँदै सरकार बनाएको छ । चुनावपछि छिरिङ तोग्बे प्रधानमन्त्री बन्नु भएको छ ।

**दक्षिण अमेरिका र अफ्रिका**

संयुक्तराज्य अमेरिकाको छिमेकी मुलुक मेक्सिकोमा पनि यसै वर्ष राष्ट्रपति र संसदको दुबै सदनका लागि २०२४ जुन २ मा चुनाव भयो । चुनावमा तत्कालीन राष्ट्रपति आन्द्रेस मानुअल लोपेज ओब्राडोरकै दल समर्थित उम्मेदवार क्याउडिया शेनबम इतिहासमै सर्वाधिक मत ल्याएर विजयी हुनुभयो । उहाँ मेक्सिकोको इतिहासमै पहिलो महिला राष्ट्रपति हुनुहुन्छ ।

मध्य एवं दक्षिण अमेरिकी मुलुकहरु उरुग्वे र भेनेजुएलामा पनि चुनाव सम्पन्न भए, तर भेनेजुएलाको निर्वाचन विवादास्पद थियो । भेनेजुएलामा जुलाई २८ मा भएको निर्वाचनबाट छ वर्षे कार्यकालका लागि निकोलस मदुरो पुनः राष्ट्रपतिमा विजयी भएको घोषणा गरिएको छ । अन्तर्राष्ट्रिय चुनावी पर्यवेक्षकहरुले यो चुनाव स्वतन्त्र र निष्पक्ष नभएको बताएका छन् । चुनावमा पराजित भएको भनिएका विपक्षी उम्मेदवार एडमन्डो गोन्जालेजले भेनेजुएला छाडेर स्पेनमा शरण लिनुभएको छ ।

नेल्सन मण्डेलाको देश दक्षिण अफ्रिकामा मे २९ मा नेसनल एसेम्ब्लीका लागि आम निर्वाचन भएको थियो । सन् १९९४ यता सातौं पटक भएको यस चुनावमा मण्डेलाले स्थापना गरेको अफ्रिकन नेसनल कंग्रेस (एएनसी) लाइ ठूलो झड्का लागेको थियो । पार्टीभित्रको तिब्र विवादका बीच संसदमा सबैभन्दा ठूलो पार्टी हुन एएनसीले सफलता हासिल गरे पनि बहुमत गुमाएको थियो । एएनसीकै पूर्व नेता एवं पूर्व राष्ट्रपति ज्याकोब जुमाले एएनसीलाइ कडा टक्कर दिएका थिए । साना तीन पार्टीको समर्थनमा एएनसीका नेता सिरिल रामाफोसा पुनः राष्ट्रपतिमा निर्वाचित भएर नयाँ गठबन्धन सरकार निर्माण भएको छ ।

अफ्रिकी मुलुकहरु घाना, चाड, मोजाम्बिक, नामिबिया, रुवान्डा, सेनेगल, टोगो, ट्युनिसिया, अल्जेरिया, बोत्सवाना, मौरिटानिया, मौरिसस समेतका मुलुकमा राष्ट्रपति वा संसदका लागि चुनाव सम्पन्न भएका छन् ।

**एसियाली मुलुकहरूमा चुनाव**

एसियाली मुलुकमध्ये सन् २०२४ को जलवायू सम्मेलन (कोप २९) आयोजना गरेको अजरबैजानमा फेब्रुअरी ७ मा सम्पन्न निर्वाचनमा इल्हाम अलियेभले ९२ प्रतिशत मत पाएर पाँचौं पटक राष्ट्रपतिमा निर्वाचित हुनु भएको थियो । उहाँ सन् २००३ देखि निरन्तर अजरबैजानको राष्ट्रपति हुनुहुन्छ । यसै मुलुकमा सेप्टेम्बर १ मा संसदको पनि चुनाव भएको थियो, र अलियेभकै न्यू अजरबैजान पार्टीले बहुमत हासिल गरेको छ ।

बीस करोडभन्दा बढी जनसंख्या रहेको इन्डोनेसियामा यसै वर्षको फेब्रुअरी १४ मा राष्ट्रपति, उपराष्ट्रपति र संसदका लागि निर्वाचन भएको थियो । चुनावबाट पूर्व सेनाप्रमुख एवं रक्षामन्त्री प्रबोओ सुबिआन्तो राष्ट्रपतिमा निर्वाचित हुनु भएको थियो तर उहाँको दल भने संसदमा तेस्रो स्थानमा रहेको थियो ।

अर्को एसियाली मुलुक इरानमा पनि जुलाई ५ मा राष्ट्रपतिका लागि निर्वाचन भएको थियो । इरानी राष्ट्रपति इब्राहिम राइसीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि नयाँ राष्ट्रपतिका लागि निर्वाचन हो । चुनावबाट स्वतन्त्र एवं सुधारवादी उम्मेदवार मसुद पेजेस्कियान निर्वाचित हुनुभयो । गाजा युद्ध, लेबनानमाथि इजरायली हमला, सिरियामा विद्रोहीको सत्तारोहण तथा इजरायल र इरानबीच एकअर्का मुलुक लक्षित क्षेप्यास्त्र प्रहार जस्ता भूराजनीतिक घटनाले इरानी नयाँ सरकारमाथि चौतर्फी दबाब छ ।

उता जापानमा पनि अक्टोबर २७ मा संसदका लागि चुनाव भयो । भ्रष्टाचार काण्डहरुबाट गुज्रेको सत्तारुढ दल लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) ले चुनावमा निकै ठूलो हार व्यहोर्नु परेको थियो, तथापि संसदमा सबैभन्दा ठूलो दल बनेको थियो । साना दलसँग मिलेर एलडिपीले सरकार बनाएको छ ।

**युरोपेली मुलुकमा चुनाव**

युरोपेली मुलुकहरु अस्ट्रिया, बेलारुस, बेल्जियम, बुल्गेरिया, क्रोएसिया, फिनल्यान्ड, जर्जिया, हंगेरी, आइसल्यान्ड, लिथुआनिया, मोल्दोभा, स्लोभाकिया र बेलायतमा राष्ट्रपति वा संसदका लागि चुनाव भएका थिए । यी चुनावमा खासगरी आप्रवासन, आर्थिक तथा युक्रेन मामिलालाई लिएर जनमत बाँडिएको छ ।

अर्को विवादास्पद चुनाव रसियाको राष्ट्रपतिका लागि मार्चमा भएको थियो । यहाँ राष्ट्रपति भ्लादिमिर पुटिन पुनः उम्मेदवार बन्नुभएको थियो, र ८८ प्रतिशतभन्दा बढी मतसहित पाँचौं कार्यकालका लागि विजयी हुनुभयो । खासगरी उहाँका प्रखर विरोधी अलेक्सी नाभाल्नीको विवादास्पद रुपमा फेब्रुअरीमा जेलभित्रै निधन भएपछि त पुटिनका लागि चुनाव अझ सहज ठानिएको थियो । युक्रेन युद्धमा तीन वर्षदेखि होमिएको रसियामा नाभाल्नीलाई राष्ट्रपतिको उम्मेदवार हुन समेत बन्चित गरिएको थियो ।

उता, फ्रान्सको ५७७ सदस्यीय नेसनल एसेम्ब्लीका लागि जुन ३० र जुलाई ७ मा गरी दुई चरणमा आम निर्वाचन भयो । चुनावमा राष्ट्रपति इमानुएल म्याँक्रोको दललाई ठूलो झड्का लागेको थियो जसका कारण फ्रान्सेली सरकार अस्थिरताको भूमरीमा परेको छ ।

बेलायतमा भने जुलाई ४ मा भएको निर्वाचनले उलटफेर नतिजा ल्यायो । कन्जरभेटिभ्स पार्टीका नेता एवं प्रधानमन्त्री ऋषि सुनकको दलले नराम्रो पराजय व्यहोर्यो । छ सय ५० सदस्यीय हाउस अफ कमन्सका लागि भएको चुनावमा विपक्षी लेबर पार्टीले ४११ स्थान जितेर सरकार बनायो । अघिल्लो चुनावमा ३६५ स्थान जितेको ऋषि सुनकको दलले यस चुनावमा १२१ स्थान मात्र जितेर नमिठो हार व्यहोरेको थियो ।

विश्वभर हाल भइरहेका चुनावी प्रकृयाहरूले लोकतान्त्रिक विधिलाइ थप सबल बनाउन भूमिका खेलेको देखिए पनि कतिपय चुनावी परिणामलाइ आम जनता र स्वतन्त्र चुनावी पर्यवेक्षणले शंकाको घेरामा राखेका छन् । स्वतन्त्र, भयरहीत र निष्पक्ष चुनाव मार्फत समावेशी नेतृत्व चयन गर्न सकिए सबै वर्ग, लिङ्ग, क्षेत्र, समुदायको उत्थान र अपनत्व विकास हुने निश्चित छ । (अन्तरार्ष्ट्रिय समाचार र न्यूज एजेन्सीमा आधारित)

## एलिट कपः
# सन्दीपको कप्तानीमा बागमतीको टोली घोषणा




काठमाण्डु । 'जय ट्रफी मेन्स एलिट कप-२०८१' का लागि बागमती प्रदेशको टोली घोषणा गरिएको छ । बागमती प्रदेश क्रिकेट सङ्घले विहिबार सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्यीय अन्तिम टोली घोषणा गरेको हो । सन्दीपको कप्तानीमा रहेको टोलीमा सूर्य तामाङ, रिजन ढकाल, प्रतिश जिसी, उत्तम थापा मगर, आशुतोष घिरैया, रित गौतम रहेका छन् ।

साथै इशान पाण्डे, विपीन आचार्य, शुभ कंसाकार, रोशन विक, सूर्यांशु कोइराला, नन्दन यादव, प्रतिक श्रेष्ठ र तिलकराज भण्डारी पनि टोलीमा समेटिएका हुन् । नेपाल क्रिकेट सङ्घ (क्यान)को आयोजनामा जय ट्रफी मेन्स एलिट कप यही पुस २१ गतेदेखि माघ ३ गतेसम्म मधेश प्रदेशको जनकपुर र वीरगञ्जमा हुनेछ ।रासस

# प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि



काठमाण्डु । दोस्रो वागमती प्रदेशस्तरीय खुल्ला लिग तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि यहाँ आयोजना हुने भएको छ ।

जिल्ला समन्वय समिति काठमाडौंको संयोजन र बागमती प्रदेश तेक्वान्दो सङ्घको प्राविधिक सहयोग तथा टोखा नगरपालिकाको आयोजनामा हुने प्रतियोगितामा पुरुषमा र महिला गरी दश तौ ल समूहमा प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताअन्तर्गत पुरुषमा ४६-५०, ५०- ५४, ५४-५८, ५८-६३ र ६३-६८ तथा महिलातर्फ ४०-४३, ४३-४६, ४६-४९, ४९-५३ र ५३-५७ केजी तौल समूहमा प्रतिस्पर्धा हुने काठमाडौं जिल्ला समन्वय समितिका संयोजक सन्तोषबुढाथोकीलेराससलाई बताउनुभयो ।रासस

# प्रदेश लिग फुटबल :ललितपुर र चित्लाङ आमनेसामने




मनहरी । बागमती प्रदेश लिग फुटबल प्रतियोगिताअन्तर्गत आज ललितपुर फुटबल क्लब र काठमाडौंको चित्लाङ फुटबल क्लबबीच सेमिफाइनल खेल हुने छ । यो खेलको विजेता टोलीले उपाधिका लागि दोलखाको टाइगर टिम तिखातालसँग खेल्ने छ ।

यसअघि बुधबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रङ्गशालामा भएको पहिलो सेमीफाइनलमा दोलखाको टाइगर टिम तिखातालले सिन्धुलीको ब्लू अल्पाइन क्लबलाई २-१ गोल अन्तरले पराजित गरेको थियो । खेलको पहिलो हाफको ३१औँ मिनेटमा दोलखाका लागि मिलन श्रेष्ठले गोल गरेका थिए । खेलको दोस्रो हाफको ५६औँ मिनेटमा सिन्धुलीका तर्फबाट सञ्जीव धामीले गोल फर्काउँदै खेललाई समान एक गोलको बराबरीमा पुर्‍याएका थिए । प्रतियोगिता प्रारम्भ भएको ६४औँ मिनेटमा दोलखाका शम्भुजन श्रेष्ठले अर्को गोल गर्दै आफ्नो आफ्नो टोलीलाई विजयी बनाए ।

उक्त खेलका 'म्यान अफ द म्याच' दोलखाका उत्तम खत्री बने । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ । प्रतियोगितामा ११ जिल्लाका लिग विजेता टोली सहभागी छन्भने उपाधि जित्ने टोलीले रु दुई लाख नगदसहित शिल्ड, पदक र प्रमाणपत्र तथा उपविजेताले रु एक लाख शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।रासस

# लाहोर विश्वको सबैभन्दा प्रदूषित सहर

**एएनआई**

लाहोर । आइक्युएयरको पछिल्लो वायु गुणस्तर सूचकाङ्क (एक्युआई) को वर्गीकरणअनुसार प्रमुख विश्वव्यापी वायु गुणस्तर अनुगमन सेवाको तथ्याङ्कका आधारमा कराची र लाहोर विश्वका सबैभन्दा प्रदूषित सहरको सूचीमा परेका छन् ।

लाहोर र कराची दुवैले गम्भीर वायु प्रदूषणसँग जुझिरहेका छन् । यसले जनस्वास्थ्यका लागि ठूलो खतरा खडा गरेको छ । विशेष गरी लाहोरलाई विश्वको सबैभन्दा प्रदूषित सहरको रूपमा स्थान दिइएको छ । लाहोरको एक्युआई ३५४ छ । यसलाई बासिन्दाहरूका लागि 'खतरनाक' मानिन्छ । एक्सप्रेस ट्रिब्युनका अनुसार एक करोड १० लाखभन्दा बढी जनसङ्ख्या भएको यो सहर सवारी साधनको उत्सर्जन, औद्योगिक गतिविधिहरू र बाली जलाउने कार्यका कारण लामो समयदेखि खराब वायु गुणस्तरसँग जुधिरहेको छ ।नतिजाको रूपमा विशेष गरी जाडो महिनाहरूमा जब धुवाँ सबैभन्दा तीव्र हुँदा धेरै बासिन्दाले दम र अन्य फोक्सोका रोगसहित बढ्दो श्वासप्रश्वास समस्याहरूको सामना गर्नुपरेको छ ।

गत महिनामा धुवाँका कारण १८ लाख ८६ हजार ५८६ जना बिरामी परेका छन् । तीमध्ये एक लाख २९ हजार ,२२९ ले श्वासप्रश्वासको समस्याका लागि अस्पताल उपचार खोजिरहेका छन् । यसैबीच, ६१ लाख १५३ व्यक्तिमा कार्डियोथोरेसिक अवस्थाहरू अवस्था निदान गरिएको छ । त्यसैगरी दैनिक ६९ हजार ३९९ भन्दा बढी बिरामी श्वासप्रश्वासको समस्या, छाती दुख्ने वा धुवाँको कारणले स्ट्रोक भएको रिपोर्ट गरिएको छ ।

रिपोर्ट अनुसार पाकिस्तानको सबैभन्दा ठूलो सहर कराची १६४ को एक्यूआई सहित सूचीमा १३औं स्थानमा छ । यसले यो सरहलाई 'अस्वस्थ' श्रेणीमा राखेको छ ।सहरको व्यस्त बन्दरगाह, भारी ट्राफिक र औद्योगिक क्षेत्रहरूले उच्च प्रदूषणको स्तरमा योगदान पुर्याउँछ ।

यसले वातावरण र जनस्वास्थ्य दुवैलाई खतरामा पारेको छ ।वायु प्रदूषणको सामना गर्न निरन्तर प्रयासहरू भए पनि कराचीको हावाको गुणस्तर बिग्रँदै जाँदा बासिन्दाहरू, विशेष गरी पहिले नै स्वास्थ्य अवस्थाहरू भएका मानिसहरूलाई गम्भीर खतरा उत्पन्न गरेको छ ।

# होटल उद्योगमा साढे पाँच खर्ब स्थायी लगानी

काठमाण्डु । नेपालको होटल उद्योगमा साढे पाँच खर्ब स्थायी लगानी रहको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार सार्वजनिक गरेको 'राष्ट्रिय होटल तथा रेस्टुरेन्ट सर्वेक्षण २०८० ' अनुसार होटलको कुल स्थायी सम्पत्ति रु पाँच खर्ब ४३ अर्ब २५ करोड ८२ लाख रहेको छ ।

तथ्याङ्कअनुसार होटल उद्योगमा रु साढे १० अर्बभन्दा बढी विदेशी लगानी रहेको पाइएको छ । नेपालमा एक लाख ४२ हजार दुई सय २३ होटल/रेस्टुरेन्ट रहेको तथ्याङ्क छ । कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी डा हेमराज रेग्मीका अनुसार कार्यालयले गरेको यो सर्वेक्षण यस विधाको पहिलो बृहत् सर्वेक्षण हो । यसअघि ' होटल तथा लज सर्वेक्षण २०६० ' गरिएको थियो । उक्त सर्वेक्षणमा आवास तथा भोजन व्यवसायसँग सम्बन्धित प्रतिष्ठान तारे होटल, रिसोर्ट र गैरतारे होटलमात्र गरेको थियो । सर्वेक्षणबाट अर्थतन्त्रमा आतिथ्य उद्योगले पुर्‍याएको योगदानको मापन गर्न सहज हुने विश्वास लिइएको छ । विसं २०७९ साउन १ देखि २०८० असार ३० गतेसम्म सर्वेक्षण गणना गरिएको थियो । पर्यटन विभागबाट तारे होटल तथा रिसोर्ट सञ्चालन अनुमति पाएका र १० वा त्यसभन्दा बढी जनशक्ति संलग्न रहेका प्रतिष्ठानको तथ्याङ्क सङ्कलन पूर्णगणना विधिबाट गरिएको कार्यालयले विज्ञप्तिमार्फत जनाएको छ ।

तथ्याङ्कअनुसार रु १० करोडभन्दा बढी स्थायी सम्पत्ति भएका होटल/रेस्टुरेन्ट स‍ंख्या चार सय ९३ छन् । तीमध्ये बागमतीमा दुई सय १४ छन् । रु एक करोडदेखि रु १० करोडसम्म सम्पत्ति भएका होटल आठ हजार सात सय ३२ छन् । रु दुई लाखभन्दा कम लगानीमा खुलेका होटल/रेस्टुरेन्ट ६७ हजार पाँच सय २१ छन् ।



समेटिएको थियो ।

डा रेग्मीका अनुसार यस पटकको सर्वेक्षणमा होटल, लज, रिसोर्ट, होमस्टे, अतिथि गृह/सेवा सदन, छात्राबास/होस्टेल, रेस्टुरेन्ट तथा क्याटरिङ/पार्टी प्यालेसको विस्तृत सङ्कलन रहेकाले यो सर्वेक्षणलाई पहिलो बृहत् सर्वेक्षण भनिएको हो । देशभरका डेढ लाख होटलमध्ये एक हजार एक सय २१ होटलमा पूर्ण विदेशी लगानी रहेको छ । जसमध्ये एक हजार ७३ होटलमा एकल लगानी र ४८ मा विदेशीको संयुक्त लगानी रहेको पाइएको छ । देशभर ५९ होटलमा भने नेपाली र विदेशी लगानीकर्ताको संयुक्त लगानी छ ।

कार्यालयले आर्थिक वर्ष २०७९/८० मा देशभरि सञ्चालनमा रहेका आवास तथा भोजन क्रियाकलाप गर्ने प्रतिष्ठानको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, व्यवस्थापन

तथ्याङ्कमा देशभरि सञ्चालनमा रहेका होटल/रेस्टुरेन्टमध्ये एक लाख ३७ हजार सात सय १६ प्रतिष्ठानका लगानीकर्ता एकल नेपाली नागरिक रहेको पाइएको छ । जसको सम्पत्ति रु चार खर्ब १८ अर्ब ६२ करोड हाराहारी छ ।

नेपाली नागरिकको संयुक्त लगानीमा तीन हजार तीन सय २७ होटल/प्रतिष्ठान सञ्चालनमा छन् ।

जसमा रु एक खर्ब १४ अर्ब लगानी रहेको देखिन्छ । नेपाली र विदेशी संयुक्त लगानीमा भने ५९ वटा मात्र होटल/रेस्टुरेन्ट रहेको छ । सर्वेक्षणको नतिजाअनुसार आवास तथा भोजन सेवन सेवा गर्ने प्रतिष्ठानमा रोजगार व्यक्तिको संख्या एक लाख पाँच हजार चार सय ५९ रहेको छ ।रासस

# समितिद्वारा तरकारी र फलफूलको मूल्य निर्धारण

काठमाण्डु । कालीमाटी फलफूल तरकारी विकास समितिले बिहीबारका लागि कृषिउपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । आज गोलभैंडा ठूलो (भारतीय) रु ९०, गोलभैंडा सानो (लोकल) रु ३०, गोलभैंडा सानो (भारतीय) रु ५०, गोलभैंडा सानो (तराई) रु ४०, आलु रातो प्रतिकेजी रु ५५, आलु रातो (भारतीय) प्रतिकेजी रु ४५, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७२, गाजर (लोकल) प्रतिकेजी रु १२०, गाजर (तराई) प्रतिकेजी रु ११०, बन्दा (लोकल) प्रतिकेजी रु ३०, बन्दा (तराई) प्रतिकेजी रु ३०, बन्दा (नरिवल) प्रतिकेजी रु ३०, काउली स्थानीय प्रतिकेजी रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ५०, काउली तराई प्रतिकेजी रु २५, मूला रातो प्रतिकेजी रु ४५, मूला सेतो (लोकल) प्रतिकेजी रु ३०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ४०, भन्टा लाम्चो प्रतिकेजी रु ४५, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ ।



यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु १२०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ८०, टाटे सिमी प्रतिकेजी रु ६०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ६०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ६०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १२०, सखरखण्ड प्रतिकेजी ९०, बरेला प्रतिकेजी रु ५०, पिँडालु प्रतिकेजी रु ९०, स्कुस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु ३०, पालुङ्गो साग प्रतिकेजी ९०, चमसुरको साग, रु ९०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ९०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु १००, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु १००, च्याउ (डल्ले) प्रतिकेजी रु ३५० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ४०, चुकुन्दर प्रतिकेजी रु ९०, रातो बन्दा प्रतिकेजी रु ७०, जिरीको साग प्रतिकेजी रु १००, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले (प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु १००, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्दुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १३०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २५०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १२०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ७०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु ११०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किवि प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १३०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु १००, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु १००, लसुन हरियो प्रतिकेजी रु २००, हरियो धनिया प्रतिकेजी रु ६०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# किसानद्वारा ११ करोडको धान बिक्री

राँझा । बाँकेका किसानले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगञ्जलाई करिब रु ११ करोड बढीको धान बिक्री गरेका छन् ।

गत कात्तिक २० गतेदेखि किसानको धान खरिद गर्न लागेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगञ्ज कार्यालयले पुस १६ गतेसम्म यहाँका किसानलाई रु ११ करोड ८२ लाख भुक्तानी गरी ३१ हजार ६ सय ९० दशमलव ९८ क्विन्टल धान खरिद गरिसकेको कार्यालय प्रमुख रामशरण लामिछानेले जानकारी दिनुभयो ।"धान बिक्री गर्न ६ सय ७३ किसानले स्थानीय तहको सिफारिस दर्ता गरेकामा अहिलेसम्म पाँच सय ६७ किसानसँग धान खरिद गरिसकेका छौं", कार्यालय प्रमुख लामिछानेले भन्नुभयो, "स्थानीय तहको सिफारिसका आधारमा एक किसानसँग ८० क्विन्टलसम्म धान खरिद गर्ने गरेका छौं ।"

धान खरिद गर्नुअघि किसानले स्थानीय तहको सिफारिस दर्ता गर्नुपर्ने र त्यसपछि कार्यालयबाट समय तोकिएको दिनमा किसान आएर धान बिक्री गर्ने गरेको कार्यालय प्रमुख लामिछाने बताउनुभयो । "पहिला किसानहरु १५ दिनसम्म यहाँ आएर लाइन लागेर बस्नुपर्ने बाध्यता थियो, अहिले धान ल्याउनुपूर्व नै स्थानीय तहको सिफारिस ल्याएर दर्ता गर्ने र हामीले दिएको समयमा उहाँहरु आएर धान बिक्री गर्ने व्यवस्था मिलाएका छौं", उहाँले भन्नभुयो ।

मध्यम धान खरिदको कोटा पूरा गरिसकेको कार्यालयले मोटा धान भने लक्ष्यभन्दा निकै कम खरिद गरेको छ ।

धान बिक्री गर्ने धेरै किसानहरु आइसकेको हुँदा अब केही मात्रामा धान बिक्री गर्न किसान आउन सक्ने कार्यालयले जनाएको छ । गत वर्ष ५१ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगञ्ज कार्यालयले जम्मा आठ हजार क्विन्टल धान खरिद गरेको थियो ।रासस

# एक वर्षमा ३४ लाखको अलैंची उत्पादन

मङ्गलबारे । नेपालमा भएन र राज्यले गरेन भन्नेको जमात उस्तै छ । कसैको मुख नताकी गर्नसके वार्षिक लाखौं कमाउनेहरुको स‍ंख्या पनि कम छैन । पछिल्लो समय कृषि पेसा छोड्नेको स‍ंख्या बढ्दै गएको छ तर कृषि पेसाबाटै मनग्ये कमाउने किसानसमेत गाउँमा नै रमाइरहेका छन् । कृषि पेसाबाट नै गर्नसके स्वदेशमा नै बसेर विदेशमा भन्दा दोब्बर बढी आम्दानी गर्न सकिन्छ भन्ने उदारहण बन्नुभएको छ इलाम सन्दकपुर गाउँपालिका-२ का निवर्तमान वडाध्यक्ष गिरिराज खनाल । उहाँले यसैवर्ष ३४ लाख माथिको अलैंची उत्पादन गर्नुभएको छ ।



सन्दकपुर गाउँपालिका-२ माइमझुवाका किसान गिरिराज खनालले मकैबारी मासेर लगाएको खेतीबाट ३० मन उत्पादन गरेको बताउनुभयो । अलैंचीको मूल्य हाल १२ वर्षयताकै उच्च अर्थात प्रतिमन एक लाख १५ हजार रहेको छ । ३० मन अलैंचीको प्रतिमन रु एक लाख १५ हजारको दरले पनि रु ३४ लाख ५० हजार पर्न जान्छ । यो उहाँको एकै वर्षको आम्दानी हो ।

**धेरै मेहनतसमेत नलाग्ने अलैंची खेतीबाट मनग्गे आम्दानी लिन सकिन्छ । सुरुमा बिरुवा रोप्दा बारी फँडानी गर्न र बिरुवा लगाउन केही खर्च हुने र अलैंची उत्पादन भएपछि टिप्न र छोडाउन खर्च हुने गरेको किसान खनालको भनाइ छ ।**

गाउँगाउँमा पुगेका ब्यापारीले महँङ्गो मूल्य लगाउने गरेका छन् । बजारमा व्यापारीले एक लाख १० हजारमाथि खरिद गर्ने गरेका छन् । निवर्तमान वडाध्यक्षसमेत रहनुभएका खनालले लामो समयदेखि अलैंची खेती गर्दै आउनुभएको छ । बीचमा किसानले लगाएको अलैंची मासिँदा पनि आफूले सो खेती नछोडेको उहाँले बताउनुभयो । केही वर्षअघि दानाबाट समेत अलैंची उत्पादन गरेर जिल्ला तथा जिल्ला बाहिरका किसान समक्ष बिरुवा पुर्‍याएको उहाँको भनाइ छ ।

धेरै मेहनतसमेत नलाग्ने अलैंची खेतीबाट मनग्गे आम्दानी लिन सकिन्छ ।

सुरुमा बिरुवा रोप्दा बारी फँडानी गर्न र बिरुवा लगाउन केही खर्च हुने र अलैंची उत्पादन भएपछि टिप्न र छोडाउन खर्च हुने गरेको किसान खनालको भनाइ छ । समयसमयमा गोडमेल, मलजल र पानी लगाउनुपर्ने हुन्छ ।

हाल उहाँले ३३ रोपनी र २४ रोपनीका दुईवटा प्लटमा सो खेती गर्नु भएको छ । हिउँद्को समयमा तुसारो पर्ने भएकाले यहाँ हिउँदका दिनमा तुसारोबाट जोगाउन ग्रिन नेट लगाउने गरिन्छ । उहाँले यसवर्ष करिब ३० मन अलैंची उत्पादन गर्नुभएको छ । आगामी वर्षबाट अझैं उत्पादन बढ्ने उहाँले बताउनुभयो । अलैंची लगाएको तीन वर्षदेखि उत्पादन सुरु हुन्छ । गएको वर्ष लगाएको नयाँ बिरुवाबाटसमेत उत्पादन बढ्ने उहाँले बताउनुभयो ।

राजनीति गर्ने मान्छेले केही न केही काम गर्नुपर्ने उहाँ बताउनुहुन्छ । राजनीति गर्न खर्च आवश्यक पर्ने भएकाले पनि केही काम गर्नुपर्छ भन्ने सोचका साथ आफूले कृषि पेसा रोजेको उहाँ बताउनुहुन्छ ।

उहाँले जस्तै जिल्लाका अन्य किसानले समेतयस वर्ष अलैंचीबाट राम्रो रकम कमाइ गरेका छन् । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार बर्सेनि सवा चार अर्ब रुपैयाँ बराबरको अलैंची निकासी हुने गर्दछ । चालु आव २०८१/८२ को पहिलो तीन महिनामा सात सय ८३.७५ मेट्रिक टन अलैंची मेची भन्सारबाट निर्यात भएको छ । यो अघिल्लो वर्षको तुलनामा ४९ प्रतिशत कमी हो । आव २०८०/८१ को सोही अवधिमा एक हजार पाँच सय २५.९६ मेट्रिक टन अलैंची निर्यात भएको थियो ।

अलैंची औषधीय गुण भएको नगदेबाली हो । यसबाट विशेष गरेर औषधिजन्य वस्तु निर्माण हुने गर्दछ । गर्मीमासमेत अलैंचीलाई शीतलता प्रदानका लागि प्रयोग गरिन्छ । मसलाका रुपमा समेत अलैंचीको प्रयोग हुन्छ । गाउँघरमा मासु पकाउँदा अलैंचीलाई जिरसँग मिसाएर पकाउने गरिन्छ । सर्बत पानीमासमेत यसलाई प्रयोग गरिने गरिन्छ ।

नेपालबाट विदेश निर्यात हुने अलैंचीबाट पर्फिम वा सुगन्धित तेल निर्माण हुने गर्दछ । विकसित मुलुकमा यसबाट निर्माण भएको पर्फिम निकै मूल्यमा बिक्री हुने गर्दछ ।

नेपालमा उत्पादित अलैंचीको उचित प्रशोधन र प्रमाणीकरण नहुँदा अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न समस्या भइरहेको छ । झापामा यसको प्रशोधनका लागि एउटा मात्र प्रशोधन केन्द्र हुँदा ब्यवसायी समस्यामा परेको बताउँछन् ।रासस

# विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ७४ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ३४ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ३५ पैसा र बिक्रीदर एक सय ४२ रुपैयाँ १५ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ २५ पैसा र बिक्रीदर एक सय ७२ रुपैयाँ, स्विस फ्र्याङ्क एकको खरिददर एक सय ५० रुपैयाँ ७० पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ३६ पैसा कायम गरिएको छ ।अष्ट्रेलियन डलर एकको खरिददर ८४ रुपैयाँ ६२ पैसा र बिक्रीदर ८४ रुपैयाँ ९९ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ०७ पैसा र बिक्रीदर ९५ रुपैयाँ ४९ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ १६ पैसा र बिक्रीदर एक सय रुपैयाँ ६० पैसा निर्धारण गरिएको छ ।



जापानी येन १० को खरिददर आठ रुपैयाँ ७२ पैसा र बिक्रीदर आठ रुपैयाँ ७६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७३ पैसा र बिक्रीदर १८ रुपैयाँ ८१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४० पैसा र बिक्रीदर ३६ रुपैयाँ ५६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६७ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९९ पैसा र बिक्रीदर चार रुपैयाँ, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ २३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ५८ पैसा र बिक्रीदर ३० रुपैयाँ ७१ पैसा निर्धारण भएको छ ।साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ २५ पैसा र बिक्रीदर नौ रुपैयाँ २९ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३५ पैसा र बिक्रीदर १२ रुपैयाँ ४० पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ९९ पैसा र बिक्रीदर १९ रुपैयाँ ०७ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ६० पैसा र बिक्रीदर १७ रुपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४३ रुपैयाँ ६० पैसा र बिक्रीदर चार सय ४५ रुपैयाँ ५५ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६२ रुपैयाँ ७२ पैसा र बिक्रीदर तीन सय ६४ रुपैयाँ ३१ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५५ रुपैयाँ ६३ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ १९ पैसा तोकिएको छ ।

त्यसैगरी, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकिएको छ ।

यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने राष्ट्र बैङ्कले जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुनेसमेत जनाइएको छ ।रासस

# गत वर्ष ३१ हजार पर्यटकद्वारा अन्नपूर्ण पदमार्गको भ्रमण

लमजुङ । विश्व चक्रिय अन्नपूर्ण पदमार्गमा गत सन् २०२४ मा ३० हजार आठ सय ६६ विदेशी पर्यटक आएका थिए । विश्वकै १० औं स्थानमा पर्ने यस पदमार्गमा एक वर्षको अवधिमा आएका पर्यटकमध्ये १८ हजार चार सय ९९ पुरुष, १२ हजार तीन सय ६२ महिला र पाँच अन्य व्यक्ति रहेका थिए ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्र धारापानीका इन्चार्ज भूपेन्द्र गुरुङका अनुसार सार्क राष्ट्रका एक हजार पाँच सय ६७ पुरुष र दुई सय ८७ महिला यहाँ आएका थिए । त्यस्तै, अन्य राष्ट्रका १६ हजार नौ सय ३२ पुरुष, १२ हजार ७५ महिला र अन्य पाँच विदेशी पर्यटक आएका थिए । फ्रान्स, इजरायल, जर्मनी, बेलायतलगायत देशका नागरिक बढी आएका केन्द्रका इन्चार्ज गुरुङले बताउनुभयो ।

कोरोना महामारीले थला परेको यस क्षेत्रमा केही वर्षदेखि क्रमशः पर्यटक बर्सेनि बढ्दै गएको पाइन्छ । सन् २०२३ को तुलनामा सन् २०२४ मा नौ हजार ६ सय १९ बढी विदेशी पर्यटक आएका थिए । सन् २०२३ मा २१ हजार दुई सय ४७ विदेशी पर्यटक आएका थिए । सोमध्ये १२ हजार नौ सय ८१ पुरुष र आठ हजार दुई सय ६६ महिला रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्र धारापानीले जनाएको छ । यस केन्द्रका इन्चार्ज गुरुङका अनुसार सन् २०२३ मा एक सय २२ देशका नागरिक यस पदमार्गमा आएका थिए ।

त्यस्तै, स्न २०२२ मा १५ हजार नौ सय विदेशी पर्यटक यहाँ आएका थिए । सोमध्ये १० हजार तीन सय ६४ र पाँच हजार पाँच सय ३६ महिला रहेका केन्द्रले जनाएको छ । स्न २०२२ यसको तुलनामा सन् २०२३ मा पाँच हजार तीन सय ४७ विदेशी पर्यटक बढी आएका थिए । सन् २०२२ मा आएका पर्यटकमध्ये सबैभन्दा बढी फ्रान्सका दुई हजार १२ जना रहेका थिए । रासस



## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### छुट जग्गा सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस औरैया वार्ड न.८ हाल इशनाथ नपा न. ३ मा बस्ने सटहु राय यादबको नाती पुण्य प्रताप राय यादबको छोरा हरेन्द्र प्रसाद यादबले आफनो नाममा दर्ता रहेको तपसिलको जग्गाको अप्रमाणित जग्ग प्रमाणित गरि पाउँ भनि द.न.५७२२ मिति २०८१।०८।१९ मागभई आएकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको,तिनपुस्ते समेत नरहेको,फिल्ड बुकको व्यहोरामा सटहु राय यादब मर्दा अंश हक हुन आएको नाती हरिन्द्र प्रसाद यादब,मोहीको १ न.लगतमा सटहु राय यादबको नम्बरी हो भनि उल्लेख रहेको साथै अप्रमाणित छ भनि मोठ फाटबाट लेखिआएको साथै इशनाथ नपा ९ को च.न.३८७ मिति २०८१।०८।०९ गतेको सिफारिसबाट देखिएकोले छुट जग्गाको लागि यस कार्यालयको मिति ३०८१।०९।१७ को आदेशा बमोजिम नामसारीको लागि हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अन्सियार भए,असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाणसहित आफु वा रित पूर्वकको वारिस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम एकलौटी दा.खा.नामसारी भै जाने छ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | डुमरिया | ७ | ३५० | ०-१-९ | हरिन्द्र प्रसाद यादब |

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### दा.खा. अप्रमाणित जगगा प्रमाणित सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

रौतहट साविक गाविस जेठरहिया वार्ड न.१ हाल यमुनामाई गा.पा.न. १ मा बस्ने औतार सहनीको छोरा दर्शन सहनीले भुमि सुधार तथा मालपोत कार्यादय गौरको मिति २०८१।०७।२८गतेको माग गरेको अनुसार तपसिलको जग्गाको मोठ भिडान हुदा दर्तावाला औतार सहनीको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको भनि मोठ फाटबाट लेखि आएको र दर्ता अप्रमाणित देखिएको तथा यमुनामाई गा.पा. वडा न. १ को च.न. १४५७ मिति २०८१।०३।०७ को सिफारिसमा र्दशन सहनीको जोतभोग देखिन्छ । सो मोठ भिडेको अप्रमाणित जग्गा दर्ता प्रमाणित नामसारी गरी दिएमा कसैको असर पर्छ पर्दैन भनि हकदाबीको लागि यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । उक्त जग्गाधनीको तिनपुस्ताभित्रको नातामा पर्ने तथा अन्य कोहि अन्सियार भए,असर पर्ने भए वा मोठ भिडान कटा हुन नपर्ने तथा जग्गा अप्रमाणित हुनु नपर्ने कुनै कारण भए स प्रमाणसहित आफु वा रित पूर्वकको वारिस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम मोठ भिडान तथा अप्रमाणित जग्गा प्रमाणित भई दा.खा.समेत हुन जानेछ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | जेठरहिया | २ | २१ | ०-०-३ | औतार सहनी जेठरहिया ९ |
| रौतहट | जेठरहिया | २ | २८ | ०-१-० | |
| रौतहट | जेठरहिया | २ | २९ | ०-०-१३ | |

# छात्रालाई छात्रवृत्ति




**टुडे समाचारदाता**

जनकपुरधाम । उच्च शिक्षामा महिलाको पहुँच बढाउनका लागि मधेश प्रदेश सरकारले छात्रवृत्तिको व्यवस्था गरेको छ ।

मधेश प्रदेशका अतिविपन्न तथा सीमान्तकृत समुदायका छोरीलाई उच्च शिक्षा हासिल गर्न छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

मधेश प्रदेशका दलित, मुस्लिम, विपन्न र जेहेन्दार छात्रालाई छात्रवृत्ति प्रदान गरिने मधेश प्रदेश शिक्षा निर्देशनालयले जनाएको छ । मुख्यमन्त्री सतीशकुमार सिंहले सीमान्तकृत तथा विपन्न परिवारका जेहेन्दार छात्रालाई उच्चबाट वञ्चित हुननपरोस् भन्ने उद्देश्यले छात्रवृत्तिको व्यवस्था गरिएको जानकारी दिए । प्रक्रियागत काम निर्देशनालयले पूरा गर्ने र छात्रालाई छात्रवृत्ति दिइने उनले बताए ।

छात्रवृत्ति प्रदेशका आठ वटै जिल्लाका दलित, मुस्लिम, विपन्न र जेहेन्दार छात्राले पाउने व्यवस्था गरिएको छ । छात्रवृत्तिका लागि एक हजार ७१ आवेदन प्राप्त भएका निर्देशनालयले जनाएको छ । छात्रवृत्तिमा साधारण र प्राविधिक गरी दुई वर्गमा शैक्षिक शुल्कबापत वार्षिक २५ हजार रुपैयाँ र ३५ हजार रुपैयाँ प्रदान गर्ने जनाएको छ । प्राविधिक शिक्षा पढ्नेलाई रु ३५ र मानविकी, वाणिज्य, शिक्षाका लागि रु २५ हजार उपलब्ध गराइने छ ।

मधेश सरकारले छात्रवृत्तिका लागि चालु आर्थिक वर्षमा एक करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ । मधेशमा शिक्षाको अवस्था अन्य प्रदेशको तुलनामा कमजोर छ । राष्ट्रिय जनगणना २०७८ अनुसार मधेशको साक्षरता दर ६३.५ प्रतिशत तथा महिला साक्षरता ४३.२ प्रतिशत रहेको तथ्यांकमा उल्लेख गरिएको छ ।

# 'स्थानीय तहका कर्मचारीका समस्या समाधान गर्न प्रतिबद्ध छु'



**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तह कर्मचारीको माग सम्बोधन गर्न गम्भीर गृहकार्य भइरहेकाले कुनै किसिमको प्रदर्शन नगर्न स्थानीय तहका कर्मचारीलाई मधेश प्रदेश सरकारले आग्रह गरेको छ ।

स्थानीय तह कर्मचारीका समस्याबारे मुख्यमन्त्री सतीशकुमार सिंह अवगत रहेका र समस्या समाधानका लागि आवश्यक एवम् यथोचित प्रयास भइरहेकाले कुनै पनि किसिमको प्रदर्शन नगर्न आग्रह गरेका छन् ।

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०८१ कार्यान्वयन भइरहँदा ऐनमा केही प्रावधान छुटेका, केहीमा प्रष्ट नभएका र केही संशोधन हुनुपर्ने विषयमा गृहकार्य भइरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

प्रदेश मन्त्रिपरिषद्ले गत पुस १६ गते स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ का प्रावधान एवम् सोको कार्यान्वयनको सिलसिलामा देखापरेका स्थानीय तहमा कार्यरत कर्मचारीहरूको समस्या समाधानका उपायहरूको अध्ययन एवम् विश्लेषण गरी सुधार गर्नुपर्ने विषयमा सुझाव दिन गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीको संयोजकत्वमा समिति गठन गरिएको जनाएको छ ।

शिक्षा तथा संस्कृतिमन्त्री रानीकुमारी तिवारी, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादव र वन तथा वातावरण मन्त्री त्रिभुवन साह सम्मिलित सो समितिले गम्भीरता एवम् तीव्रतापूर्वक काम अघि बढाएकाले सोसम्बन्धी गृहकार्य पूरा नहुँदासम्म प्रदर्शनलगायत नगर्न कर्मचारीहरूलाई सरकारले आग्रह गरेको छ ।

सो विज्ञप्तिमा कर्मचारीहरूले मुख्यमन्त्री सिंहलाई ऐनमा प्रावधान नहुँदा केही कर्मचारीको पदस्थापना तथा स्तरवृद्धि बाधित भएको भनी गरेका गुनासाप्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

मन्त्री लेखी नेतृत्वको समितिबाट प्राप्त सुझावका आधारमा गरिनुपर्ने आवश्यक तथा यथोचित कार्य अघि बढाउने प्रतिबद्धता मुख्यमन्त्री सिंहले व्यक्त गरेको जनाइएको छ ।

## स्वास्थ्य सेवाका कर्मचारीद्वारा विरोध प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्य सेवाका कर्मचारीहरुले मधेश प्रदेश सरकारले ल्याउन लागेको स्थानीय सेवा (गठन, सञ्चालन) ऐन २०८१ सम्बन्धी पहिलो संसोधन अध्यादेशप्रति असन्तुष्टि जनाउँदै स्थानीय तहका कर्मचारीहरुले विरोधको आन्दोलनलाई निरन्तरता दिएको छ ।

जनकपुरधाममा बिहीबार स्थानीय सेवा (गठन, सञ्चालन) ऐन २०८१ सम्बन्धी पहिलो संसोधन अध्यादेशप्रति कर्मचारीले असन्तुष्टि जनाउँदै विरोध प्रदर्शन गरेका छन् ।

अध्यादेशको व्यवस्थाप्रति असन्तुष्टि जनाउँदै कर्मचारीहरुले जानकी मन्दिरदेखि मुख्यमन्त्री कार्यालयसम्म विरोध जुलुससहित प्रदर्शन गरेका छन् ।

स्वतन्त्र राष्ट्रसेवक कर्मचारी संगठन नेपाल मधेश प्रदेशका महासचिव सुरेश कुमार रोहिताले अध्यादेशले वर्षौंदेखि स्वास्थ्य सेवामा काम गरिरहेका कर्मचारीमाथि अन्याय गर्ने जानकारी दिए ।

अध्यादेश ल्याइए सिनियर कर्मचारी जुनियर र जुनियर कर्मचारी सिनियर हुने उनले बताए । उनले अध्यादेश ल्याउनुअघि नियमावली बन्नुपर्ने र विभिन्न ट्रेड यूनियन तथा सरोकारवाहरुसँग छलफल गर्नुपर्ने आवश्यकता रहेकोसमेत बताए ।




हेल्थ असिस्टेन्ट संघ मधेश प्रदेशका संयोजक धीरेन्द्र यादवलेयस विषयमा मुख्यमन्त्री तथा प्रदेशका अन्य मन्त्रीहरुलाई विभिन्न संगठनहरुले पटक-पटक ध्यानाकर्षण समेत गराएको बताए ।

यो संसोधन जस्ताको त्यस्तै लागू भए प्रदेशको स्वास्थ्य प्रणाली उथल पुथल हुने एकीकृत स्वास्थ्यकर्मी संगठन नेपालका सर्लाही जिल्ला अध्यक्ष रञ्जीत यादवले बताए ।

सो विरोध कार्यक्रममा राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ नेपालका सर्लाही जिल्ला अध्यक्ष शुसील कुमार चौधरी, स्वास्थ्यकर्मी जनमत संघ रौतहटका जिल्ला सचिव विवेक चौधरी, नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजमाती)का धनुषा जिल्ला अध्यक्ष मुनेश यादव, प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघ नेपालका रौतहट जिल्ला अध्यक्ष धर्मेन्द्र साहनी, नेपाल जनस्वास्थ्य संघ मधेश प्रदेशका संयोजक बड़ेलाल प्रसाद साह, स्थानीय तह स्वास्थ्यकर्मी सञ्जालका प्रदीप कुमार गुप्ता, नेपाल निजामति कर्मचारी मञ्चका अध्यक्ष दीपक ठाकुरलगायतकाहरुको सहभागिता रहेको थियो ।

# डाक्नेश्वरीका वडाध्यक्षमाथि अभियोग

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिका- १ का वडाध्यक्षविरुद्ध तीनवटा कसुरमा मुद्दा दायर गरिएको छ । पछिल्लो उपनिर्वाचनमा जसपा नेपालबाट उम्मेदवार बनि वडाध्यक्षमा निर्वाचित धीरेन्द्रकुमार साहलाई शपथग्रहण समारोहबाटै सप्तरी प्रहरीले मंसिर २० गते पक्राउ गरेको थियो ।

३ वर्ष पुरानो मुद्दामा अनुसन्धान सकेर प्रहरीले प्रतिवेदन बुझाएको छ । सरकारी वकिल कार्यालय सप्तरीले सोही प्रतिवेदनका आधारमा मंगलबार अदालतमा मुद्दा दायर गरेको जनाएको छ ।

जिल्ला अदालत सप्तरीका न्यायाधीश दीपक धितालको इजलासमा बयान लिएको थियो भने बिहीबार थुनछेक आदेश भएको छ ।

उनीविरुद्ध जबरजस्ती करणी गरेपछि हत्या गरेको र अपहरण गरी व्यक्ति बेपत्ता पारेको कसुरमा छुट्टाछुट्टै अभियोगपत्र दायर गरिएको छ ।

वडाध्यक्ष साहसहित राजनारायण साह, इन्द्रनारायण साह, सुशील साह, शिवकुमार साह, पंकज साह र ओमप्रकाश साहविरुद्ध जबरजस्ती करणी र कर्तव्य ज्यानको कसुरमा अभियोग पत्र दायर गरिएको छ ।

उनीहरूले सोही वडाकी २० वर्षकी सन्तोषीकुमारी साहलाई पटकपटक बलात्कार गरी हत्या गरेको भन्दै उनकी आमा चन्दरदेवी साहले जाहेरी दिएकी थिइन् ।

चन्दरदेवीकै घरभित्र पटक-पटक जबर जस्ती करणी गरी घाँटी थिचेर हत्या गरेको आरोप छ। २०७८ चैत २२ गते बिहान १० बजे सन्तोषीलाई जबरजस्तीकरणीपछि हत्या गरेको भन्दै उनकी आमाले जाहेरी दिएकी थिइन् ।



मृतकको घाँटीमा डाम देखिएको थियो। पोस्टमार्टमबाट पनि मृत्यु स्वाभाविक नभई हत्या भएको पुष्टि हुने रिपोर्ट प्राप्त भएको प्रहरीले दाबी गरेको छ ।

घटना देखेका स्थानीयले पनि हत्यामा वडाध्यक्ष साहको संलग्नता पुष्टि हुने बयान कागज गरिदिएका छन् ।

इन्द्रनारायण भन्ने प्रतिवादी घटनाको दिन बिहान सन्तोषीको घर बाहिर उभिइरहेको र फोनमा कसैलाई छिटो आऊ घरमा कोही पनि छैनन् भनेर सूचना दिएको, त्यसको केही समयपछि मोटरसाइकलमा आएका व्यक्तिहरूले बेहोस अवस्थामा सन्तोषीलाई लिएर गएको देखेको लक्ष्मी मडर राजधोवले कागज गरेका छन् ।

सोको केही समयपछि उक्त घरबाट मानिसहरू भागी गएको देखेको राजधोवले कागज गरिदिएका छन्। घटनाको समयमा धीरेन्द्र पनि उक्त घरमा गएको देखेको उनले बताए ।

त्यतिबेला मृतकका भाइ नितिशकुमार साह पनि घरमै थिए । उनीहरूले नितिशलाई आमालाई बोलाएर आऊ भनी पठाएको र त्यसपछि घटना घटाएर उनीहरू भागेको देखेको स्थानीय छोटेलाल यादवको बयानमा भनिएको छ ।

लिलमदेवी अधिकारीले पनि घटनाको समयमा ५/६ जनालाई सो घरमा झगडा गरिरहेको देखेको बताइन् ।

साहले सन्तोषीको विवाह आफूसँग गराइदिन धम्की दिँदै आएको आरोप पनि लगाइएको छ । तर उनकी आमाले छोरीको विवाह नेपालमा नगर्ने बताउँदै आएकी थिइन् ।

घटनापछि छोरा नितिशले दिदीको हत्या कसरी भयो भन्ने बताएको परिवारको दाबी छ। अभियोग पत्रसाथ अभियुक्त साह र राजनारायण साहलाई अदालतमा पेस गरिएको छ ।

यसअघि २०८१ जेठमा शिवकुमार र इन्द्रनारायणलाई पनि प्रहरीले पक्राउ गरेको थियो । तर जेठ २१ गते उनीहरूलाई जिम्मा जमानीमा रिहा गरिएको थियो । अहिले रिहा भएका दुवैजना र जिम्मा जमानीमा बस्ने व्यक्ति पनि फेला नपरेको प्रहरीको दाबी छ ।

पंकज, ओमप्रकाश र सुशीललाई भने अदालतबाट पक्राउ पुर्जी जारी गरी कारबाही गर्न माग गरिएको छ ।

दिदी सन्तोषीको बलात्कारपछि हत्या भएकोदेखेकाभनिएकाउनकाभाइनितिशकुमार साहलाई अपहरण गरी बेपत्ता पारेको आरोप पनि वडाध्यक्ष धीरेन्द्रकुमारसहितका प्रतिवादीहरूलाई लगाइएको छ। दिदीको हत्या भएको एक वर्षपछि भाइ नितिश पनि बेपत्ता भएका थिए ।

हत्यालगत्तै सन्तोषीकी आमाले प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन् । तर सप्तरी प्रहरीले उनको जाहेरी दर्ता गर्न अस्वीकार गरेको थियो ।

तर २०७९ फागुन १७ गते दिउँसो नितिशकुमार साहलाई पनि अपहरण गरी बेपत्ता बनाएको आरोप वडाध्यक्ष साहसहित ६ जनालाई लगाइएको छ ।

अदालतमा दर्ता भएको अभियोगमा राजनारायण साह, इन्द्रनारायण साह, शिवकुमार साह, वडा नं १० का चन्दर यादव र रविन्द्र यादवलाई पनि अपहरण गरी बेपत्ता बनाएको आरोपमा प्रतिवादी बनाइएको छ ।

उनीहरूले २०७९ फागुन १७ गते दिउँसो २ बजे माधोपुर टोलस्थित आँपको बगैंचाबाट १३ वर्षका नितिशकुमार साहलाई अपहरणमा परेको बताइएको छ ।

छोरी सन्तोषीकुमारी साहलाई बलात्कारपछि हत्या गरेको र उक्त घटना देखेकाले नितिशलाई पनि अपहरण गरी बेपत्ता बनाएको आमा चन्दरदेवी साहले आरोप लगाइन् ।

घटना भएको साँझ ६ बजेतिर धीरेन्द्र साह र राजनारायण साहले नितिशलाई समातेर सडक पार गराउँदै लगेको देखेको छोटेलाल यादवले प्रहरी कार्यालयमा कागज गरिदिएका छन् ।

त्यस्तै ब्रह्मदेव यादवले पनि धीरेन्द्रसहितका व्यक्तिले खेतैखेत लैजाँदै गरेको देखेको बयान दिएका छन् । लक्ष्मी मडर राजधोवले इन्द्रनारायण साहसँग बालकलाई देखेको बयान पनि दिए । उनीहरूलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २०६ (१), (२) (ख) र (६) बमोजिमको कसुरमा सजाय माग गरिएको छ ।

धीरेन्द्र साहले भने बलात्कार, हत्या र अपहरणको घटनामा आफ्नो संलग्नता अस्वीकार गरेका छन् । घटना भएको भनिएको दिन बिहान ७ बजेदेखि ११ बजेसम्म पातो बजार तिरै रहेको उनको जिकिर गरे ।

# अवैध खोला उत्खनन् रोक्दा झडप

**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरीको गौशालामा वन गस्ती गरिरहेका वन रक्षकमाथि आक्रमण गरेको छ ।

जिल्लाको गौशाला नगरपालिका- १० स्थित मडाहा खोलामा भइरहेको अवैध उत्खनन् रोक्न घटनास्थल पुगेका वन रक्षकहरुमाथि आक्रमण भएको छ । डिभिजन वन अधिकृत अजयकुमार मिश्रले गुण्डा समूहको आक्रमणमा परी सशस्त्र वन रक्षक विदुर अधिकारी घाइते भएको जानकारी दिए ।

नियमित गस्तीका क्रममा बिहीबार बिहान ४ बजेतर्फ घटनास्थल पुगको वन कर्मचारीले मडाहा खोला तथा तटवर्ती क्षेत्रमा अवैधरुपमा उत्खनन् भइरहेको देखेपछि एउटा स्काभेटर र ५ वटा ट्रिप्पर नियन्त्रणमा लिएका थिए । गस्ती कमान्डर एवम् सब डिभिजन वन कार्यालय माईस्थानका वन अधिकृत सिकिन्दर चौधरीले बताए अनुसार गाडीहरू नियन्त्रणमा लिएपछि त्यसका चालकहरू भागेर खोला पश्चिमतर्फ रहेको जय माँ जालपा ढुङ्गा गिट्टी बालुवा वासिङ सेन्टरबाट पुगेका थिए । त्यहाँबाट लगत्तै १५-१६ वटा मोटरसाइकलमा आएका समूहले वन कर्मचारीमाथि गाली गलौज र हुलहुज्जत गरेको उनले बताए ।



चौधरीले भने, 'अरू चालकहरू भागे पनि हामीले ५ थान गाडी र एक जना टिप्पर चालकलाई नियन्त्रणमा लिएका थियौं । समूहले बल प्रयोग गरेर ती चालकसहित सबै गाडी थुतेर लगेको थियो । प्रतिकार गर्दा सशस्त्र वन रक्षक विदुर अधिकारी घाइते हुनुभएको हो ।' घटनाका तत्कालै जानकारी गराउँदा पनि करिब २ किमि दुरीमा रहेको इलाका प्रहरी कार्यालयबाट धेरै अबेर ३ जना प्रहरी घटनास्थल पुगेका थिए । त्यतिबेलासम्म घटना घटिसकेको चौधरीले बताए ।

एक त जाडोको रात उसमाथि हुस्सु लागेकोले हुल्याहा समूह कसैलाई पहिचान गर्न नसकेको उनले बताए । तथापि रातको बिचमा वन गस्तिले उत्खननमा संलग्न गाडीहरूको फोटो खिचेको छ । त्यसमध्ये ४ वटा गाडीको नम्बर कैद भएको उनले बताए । फोटोको आधारमा वा. ३ क. १११६ नं.को स्काभेटर तथा प्र. २-०३-००१ क. ०५९२, प्र. २-०३-००१ क. ०३९२ र प्र. २-०३-००१ क. ०५८२ नंको गाडीमाथि कारबाही गर्न लागेको उनले बताए ।

चौधरीले भने, "घटनाको प्रतिवेदन तयार हुँदैछ । त्यसपछि कारबाही प्रक्रियामा जान्छौं ।" घटनाको जानकारीपछि जिल्ला समन्वय समितिका अध्यक्ष सुमनलाल कर्णको नेतृत्वमा गौशाला नगरपालिकाकी उपमेयर रेणु महतो, डिभिजन वन प्रमुख अजयकुमार मिश्र लगायतको टोलीले घटनास्थलको निरीक्षण गरेको छ ।

निरीक्षणका क्रममा राती वन गस्तीले नियन्त्रणमा लिएका सबैजसो गाडीहरू माँ जालपा ढुंगा गिट्टी वालुवा वासिङ सेन्टरमा फेला परेको जनाइएको छ। चालु आर्थिक वर्ष ०८१-८२ का लागि कतिपय स्थानीय तह ठेक्का प्रक्रियामा गए पनि अहिलेसम्म जिल्लाका कुनै पनि खोला उत्खननका लागि ठेक्का लागेको छैन ।

# धनुषाबाट पाँच महिनामा महिलासहित १७ हजारभन्दा बढी बाहिरिए

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाबाट पाँच महिनामा १७ हजारभन्दा बढी युवा तथा युवतीहरु वैदेशिक रोजगारीमा बाहिरिएका छन् ।

चालू आर्थिक वर्षको ५ महिना (साउन देखि मंसिर)सम्ममा धनुषाबाट मात्रै १७ हजार ३७३ जना वैदेशिक रोजगारीमा विभिन्न खाडी मुलुक गएका छन् । सोमध्ये १६६ जना महिला रहेको छ ।

चालू आर्थिक वर्ष ०८१/८२ को साउन महिनामा ३ हजार ११६ पुरुष र २७ महिलासहित कूल ३ हजार १४३ जना, भदौमा ३ हजार ३२९ पुष र ३१ महिलासहित कूल ३ हजार ३६० जना, असोजमा २ हजार ९१३ पुरुष र ३१ महिलासहित कूल २ हजार ९४४ जना, कार्तिकमा ३ हजार ५१३ पुरुष र ४० महिलासहित कूल ३ हजार ५५३ जना र मंसिरमा ४ हजार ३३६ पुरुष र ३७ महिलासहित कूल ४ हजार ३७३ जना युवायुवतीले विदेशिएका छन् ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढ्न थालेसँगै रेमिट्यान्स आप्रवाह पनि बढिरहेको देखिन्छ । आर्थिक वर्ष ०७६/०७७ मा ८ खर्ब ७५ अर्ब ३ करोड, ०७७/०७८ मा ९ खर्ब ६१ अर्ब ५ करोड, आर्थिक वर्ष ०७८/०७९ मा १० खर्ब ७ अर्ब ३१ करोड, ०७९/०८० मा १२ खर्ब २० अर्ब ५६ करोड र आर्थिक वर्ष ०८०/०८१ मा १३ खर्ब २७ अर्ब ५१ करोड रुपैयाँ रेमिट्यान्सबापत नेपाल भित्रिएको तथ्यांकमा उल्लेख गरिएको छ ।

यसअघि आर्थिक वर्ष २०७८/०७९ मा नेपालबाट ६ लाख ३० हजार ९० जना वैदेशिक रोजगारीमा गएकोमा धनुषाबाट सबभन्दा बढी २२ हजार १७५ पुरुष र १९ हजार ११८ महिला गरी कूल ४१ हजार २९३ जना गएका थिए ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य बढेको तथ्यांकमा जनाइएको छ ।

# 'जय ट्रफी'को तयारी पूरा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा यही पुष २१ गतेदेखि हुन लागेको एलाइट (जय ट्रफी) कपको तयारी पूरा भएको छ ।

जनकपुरधाम र वीरगञ्जमा हुन लागेको जय ट्रफी कप वीरगञ्जको नारायणी क्रिकेट मैदान र जनकपुरधामको रामजानकी अन्तर ाष्ट्रिय क्रिकेट मैदान गरी दुई स्थानमा हुन लागेको प्रतियोगिताको तयारी पूरा भएको हो ।

'जय ट्रफी मेन्स एलाइट कप' नामकरण गरिएको प्रतियोगितामा नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, बागमती प्रदेश र मधेश प्रदेशको सहभागिता रहने आयोजकले जनाएको छ । सेतो जर्सी तथा रेड बलको प्रयोगमा खेलिने प्रतियोगिता पुष २१ देखि माघ ३ गतेसम्म हुने भएको छ ।



सो प्रतियोगिताको नाम क्यान इलाइट कपबाट जय ट्रफी पुरुष इलाइट कप नामकरण गरिएको छ। संघका पूर्व अध्यक्ष स्व. जयकुमार नाथ साहको नाममा नामाकरण गरिएको छ । साहले क्रिकेट खेलको विकासमा लामो समयसम्म महत्वपूर्ण योगदान पुऱ्याएका थिए ।

नेपाल क्रिकेट संघका पूर्व पदाधिकारी एवं सदस्यको नाममा नामाकरण गर्दै नेपाली क्रिकेटको गर्विलो ईतिहास बोकेको यस ' जय ट्रफी' लाई नेपालको प्रिमियर बहुदिवसीय क्रिकेट प्रतियोगिताका रुपमा पुनर्स्थापना गरी भविष्यमा प्रथम श्रेणीको राष्ट्रिय क्रिकेट प्रतियोगिताका रुपमा रुपान्तरण गर्ने लक्ष्य रहेको नेपाल क्रिकेट संघका केन्द्रीय उपाध्यक्ष रोशन सिंहले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८